# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १६० | काठमाडौं | बुधबार, १४ असोज २०८३ | Prabhab National Daily | Wednesday, 30 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## कांग्रेस क्षेत्रीय अधिवेशनमा मुक्कामुक्कीदेखि धकेलाधकेलसम्म

- सुनसरी प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर ४ को क्षेत्रीय अधिवेशनमा हात हालाहाल, मतदानपछि धाँधली भएको भन्दै क्षेत्रीय सभापति अयुब अन्सारीले मतपेटिका लडाएर मतपत्र नै छरपस्ट पारेपछि पुनः विवाद
- सिन्धुपाल्चोक क्षेत्र २ मा ५० भन्दा बढी मतपत्रमा मतदान अधिकृतको हस्ताक्षर नभेटिएको भन्दै निर्वाचन स्थगित
- दैलेख-२ मा निर्वाचन प्रक्रियालाई लिएर विवाद भएपछि निर्वाचन पक्षधर समूहले नै क्षेत्रीय कार्यालयमा तालाबन्दी
- वर्षात्को कारण भन्दै पूर्वसभापति शेरबहादुर देउवापक्षलाई महाधिवेशनमा समावेश गर्ने प्रयासका लागि सारियो दुई दिन




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसको क्षेत्रीय अधिवेशनमा मुक्कामुक्कीदेखि धकेलाधकेलसम्मका घटना भएका छन् । मंगलबार देशका विभिन्न क्षेत्रमा भएको अधिवेशनमा नेताहरूबीच मुक्कामुक्की र धकेलाधकेल भएको हो ।

सुनसरी प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर ४ को क्षेत्रीय अधिवेशनमा हात हालाहाल भएपछि निर्वाचन प्रक्रिया नै केहीबेर रोकिएको थियो । क्षेत्रीय सभापति पदका लागि मनोज साह र गफार अन्सारीले मनोनयन दर्ता गराएपछि निर्वाचन प्रक्रियामा गएको हो । मतदानपछि धाँधली भएको भन्दै क्षेत्रीय सभापति अयुब अन्सारीले मतपेटिका लडाएर मतपत्र नै छरपस्ट पारेपछि पुनः विवाद बल्भियो । त्यसपछि यो क्षेत्रको निर्वाचन केन्द्रीय निर्वाचन समितिले स्थगित गरेको छ ।

यता सिन्धुपाल्चोक क्षेत्र २ मा ५० भन्दा बढी मतपत्रमा मतदान अधिकृतको हस्ताक्षर नभेटिएको भन्दै निर्वाचन स्थगित गरिएको छ । महाधिवेशन प्रतिनिधिका उम्मेदवार वंशलाल तामाङले फर्जी मत भेटिएको आरोप लगाएसँगै केही बेर अधिवेशन प्रक्रिया अवरुद्ध भएको थियो । क्षेत्रीय सभापति आइतमान तामाङ पक्षले भने पेलेरै मतदान गराउने तयारी गरेको थियो । सिन्धु-२ मा आइतमान पक्षले कृष्ण तामाङलाई सभापतिको उम्मेदवार बनाएको छ भने वंशलाल पक्षले पासाङ दोङलाई ।

विवादका कारण सिन्धुपाल्चोक क्षेत्र १ को अधिवेशन पनि स्थगित भएको छ । अधिवेशनस्थलमा मोहनबहादुर बस्नेत पक्षले विरोध गरेपछि केहीबेर अधिवेशन अवरुद्ध भएको थियो । पछि क्षेत्रीय प्रतिनिधिको नाम नै मतदाता सूचीमा नदेखिएको भन्दै अधिवेशन स्थगित भएको हो ।

मोरङ क्षेत्र नम्बर १ को क्षेत्रीय अधिवेशनका क्रममा नेताहरूबीच मञ्चमै धकेलाधकेल भएको छ ।

क्रमशः पृष्ठ २ मा

## आलोचना रोक्न राज्यशक्तिको दुरूपयोग

■ जेबी योञ्जन

- आलोचकलाई पक्राउ गर्दा वालेन्द्र सरकार आलोचित
- दुर्गा प्रसाईं, भरत दाहाल, किशोर श्रेष्ठ र चोलेन्द्रशमशेर जबराको शृंखलाबद्ध पक्राउ घटनाले उठ्यो प्रश्न
- प्रतिपक्षी आवाज दबाउन खोजेको आरोप
- प्रतिपक्षी दलका सांसदहरूले मागे संसद्बाटै जवाफ



**काठमाडौं–** सरकारको आलोचना गर्ने र फरक मत राख्नेहरूमाथि पछिल्ला दिनमा भएका पक्राउको शृंखलाबद्ध घटनाले प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकार आलोचनामा परेको छ । मेडिकल व्यवसायी दुर्गा प्रसाईं, राजनीतिक विश्लेषक भरत दाहाल, पत्रकार किशोर श्रेष्ठ र पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासँग जोडिएका घटनाले सरकारको पक्राउ शैलीमाथि प्रश्न उठेको हो ।

एकपछि अर्को पक्राउपछि आलोचकहरूले प्रश्न गरिरहेका छन्- के वालेन्द्र सरकार प्रश्न गर्ने मुख थुन्नेतिर गएको हो ? के सरकार आलोचना र टिप्पणी सहन नसक्ने अवस्थामा पुगेको हो ? गृहमन्त्री सुधन गुरुङले यसबारे स्पष्ट जवाफ दिएका छैनन् । प्रतिपक्षी दलका सांसदहरूले भने संसद्बाटै सरकारसँग जवाफ मागिरहेका छन् ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सांसद रमेश मल्लले सरकारको पक्राउ शैलीलाई 'जंगली राज'को संज्ञा दिएका छन् । यस्तो कारबाहीले लोकतन्त्र, संविधान र विधिको शासनको उपहास गरेको उनको आरोप छ ।

सोमबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद रचना खतिवडाविरुद्ध दिएको अभिव्यक्तिलाई लिएर प्रसाईं पक्राउ परेका थिए । साइबर ब्युरोले विद्युतीय कारोबारसम्बन्धी कसुरमा अनुसन्धान गर्न उनलाई पक्राउ गरिएको जनाएको छ । खतिवडाले प्रसाईंविरुद्ध उजुरी दिएकी थिइन् । सोही कारण प्रसाईं पक्राउ परेको भनिएको छ । प्रहरीका अनुसार उनीमाथि साइबर कसुरमा अनुसन्धान भइरहेको छ । प्रसाईं पक्राउको कानुनी आधार र उनको अभिव्यक्तिले कसुर गरेको हो वा होइन भन्ने विषय अनुसन्धान र कानुनी प्रक्रियाबाटै टुंगिने देखिन्छ । तर, उनी वालेन्द्र सरकारको कटु आलोचक हुन् । उनलाई यसअघि पनि आलोचना गरेकै भरमा सरकारले पटक-पटक पक्राउ गर्ने र हिरासतमा राख्ने गरेको छ ।



जसरी पक्राउ गरिएको छ, छोडिएको छ । यो केटाकेटीको खेल भयो । उनको कमजोरी कानुनले केलाउला । तर, पक्राउ गर्ने पनि तरिका होला, यो गलत भयो ।

■ **भीष्मराज आङ्देम्बे**
प्रमुख प्रतिपक्षी नेता



पूर्वप्रधानन्यायाधीश राणालाई पक्राउ गरिएको होइन । नियन्त्रणमा लिएको पनि होइन । उहाँको सुरक्षामा प्रश्न आइसकेपछि उहाँलाई सुरक्षा प्रदान गर्नका लागि त्यहाँबाट रेस्क्यु गरेर लगिएको हो ।

■ **सस्मित पोखरेल**
प्रवक्ता, नेपाल सरकार

प्रसाईंभन्दा अघि पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई शुक्रबार बिहानी पख काठमाडौंको बाँसबारीस्थित निवासबाट प्रहरीले पक्राउ गरेको घटनाले पनि सरकारमाथि प्रश्न उठाएको थियो । प्रहरीले उनलाई जेन-जीहरूको धम्कीका कारण पक्राउ गरेको भनेको थियो । तर सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले भने जबराको पक्राउ अस्वीकार गरे । उनले पक्राउ नभई 'रेस्क्यु' गरिएको दाबी गरे । अपरिचित समूहबाट धम्की आएका कारण उद्धार गरिएको उनको दाबी रह्यो ।

'स्पष्ट भइसकेको छ, उहाँलाई पक्राउ गरिएको पनि होइन । नियन्त्रणमा लिएको पनि होइन, उहाँको आफ्नै परिवारबाट थप सुरक्षा माग गरेर निवेदन प्रहरी कार्यालयमा पठाउनुभएको छ,' मन्त्री पोखरेलले मंगलबार मन्त्रिपरिषद्को बैठकका निर्णयहरू सार्वजनिक गरेपछि पत्रकारहरूको प्रश्नको जवाफ दिँदै भने, 'उहाँको सुरक्षामा प्रश्न आइसकेपछि उहाँलाई सुरक्षा प्रदान गर्नका लागि त्यहाँबाट रेस्क्यु गरेर लगिएको हो ।'

वालेन्द्र सरकारको यो स्पष्टीकरणपछि पनि पक्राउ घटना विवादबाट मुक्त हुन सकेको छैन । मध्यरातमा घरबाट लैजानुपर्ने सुरक्षा जोखिम के थियो ? कसको आदेशमा प्रहरी परिचालन भयो ? र किन केही घण्टापछि परिवारकै जिम्मा लगाइयो ? यसबारे प्रश्न उठिरहेको छ ।

यसबीच प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले पनि सरकारको पक्राउ शैलीमाथि प्रश्न उठाएका छन् । 'जसरी पक्राउ गरिएको छ, छोडिएको छ । यो केटाकेटीको खेल भयो । उनको कमजोरी कानुनले केलाउला । तर, पक्राउ गर्ने पनि तरिका होला, यो गलत भयो,' उनले प्रभावसँग भने ।

शृंखलाबद्ध पक्राउको घटनालाई लिएर नेकपा एमालेका प्रमुख सचेतक ऐन महरले सरकारमाथि राजनीतिक प्रतिशोधको आरोप लगाएका छन् । 'सरकारले चुनावअघि गरेका वाचा र पछि ल्याएको १०० दिने कार्यसूची दुवै एकादेशको कथा बनेका छन् । विदेशमा रहेका युवालाई फर्काउने, निःशुल्क शिक्षा र स्वास्थ्य दिने नारा दिएको सरकार अहिले आफ्ना विरोधीहरूलाई प्रतिशोध साधेर थुन्ने काममा सक्रिय छ,' महरले भने, 'यो सरकारको कार्यशैली पञ्चायती शैलीको पुनरावृत्ति जस्तो देखिन थालेको छ ।'

जबराभन्दा अघि जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठ पक्राउ परे । प्रहरीले उनको घर तथा कार्यालयमा खोजतलास गरी कम्प्युटर, मोबाइललगायत सञ्चार उपकरण नियन्त्रणमा लिएको थियो । घटनाप्रति प्रेस काउन्सिल नेपालले समेत ध्यानाकर्षण जनाएको थियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

मलेसिया रोजगारीमा 'सिण्डिकेट' प्रकरण

## एफडब्ल्युसिएमएसबाट सात दिनभित्र नाम फिर्ता लिन विभागको निर्देशन

- भदौ २९ गते सोधेको स्पष्टीकरणको चित्तबुझ्दो जवाफ नआएपछि विभागको निर्देशन
- एफडब्ल्युसिएमएसमा सहायक एजेन्सीको रूपमा सूचीकृत २५० वटा संस्थालाई नाम फिर्ता लिन निर्देशन
- प्रतिस्पर्धालाई संकुचन गराउने गतिविधिमा संलग्न नहुन विभागको आग्रह

■ प्रभाव संवाददाता




**काठमाडौं–** वैदेशिक रोजगार विभागले मलेसियाको 'विदेशी कामदारको एकीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस)' बाट सात दिनभित्र नाम फिर्ता लिन सहायक एजेन्सीका रूपमा सूचीकृत संस्थाहरूलाई निर्देशन दिएको छ । विभागले सोमबार पत्र पठाउँदै ती संस्थाहरूलाई उक्त प्रणालीबाट सात दिनभित्र नाम फिर्ता लिएर विभागमा जनकारी गराउन पत्राचार गरेको हो ।

विभागले नाम फिर्ता लिन आधिकारिकरूपमा एफडब्लुसिएमएसलाई पत्राचार गरेर त्यसको विवरण विभागमा उपलब्ध गराउन निर्देशन दिएको छ । विभागले गत भदौ २९ गते सोधेको स्पष्टीकरणको चित्तबुझ्दो जवाफ नआएको भन्दै २२९ वटा संस्थालाई नाम फिर्ता लिन निर्देशन दिएको छ । स्पष्टीकरण नपठाएका १५ वटा सहायक संस्थालाई तीन दिनभित्र विभागमा स्पष्टीकरण पठाउन तथा सात दिनभित्र एफडब्ल्युसिएमएससँगको आबद्धता त्याग्न निर्देशन दिइएको छ । तोकिएको समयमा जवाफ नपठाएर विभागको निर्देशनको अवज्ञा गरेको भन्दै १५ संस्थालाई पहिलोपटकलाई सचेत गराइएको विभागले जनाएको छ ।

विभागले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३७ बमोजिम नाम फिर्ता लिन निर्देशन दिएको जनाइएको छ । प्रतिस्पर्धालाई संकुचन गराउने गतिविधिमा संलग्न नहुनसमेत ऐनको दफा ५४ बमोजिम विभागले अनुरोध गरेको छ ।

गत भदौ ५ (अगस्ट २१)मा नेपालमा २५ वटा म्यानपावर कम्पनी मलेसियाको एफडब्ल्युसिएमएसमा सूचीकृत भएको सार्वजनि भएपछि मलेसिया रोजगारीमा समस्या देखिएको छ । त्यसपछि भदौ २४ गते २५ संस्थाले आफ्नो मातहतमा काम गराउन १०/१० वटा सहायक संस्था सूचीकृत गराएको विवरण सार्वजनिक भएको थियो । विभागले सहायक एजेन्सीको रूपमा सूचीकृत २५० वटा संस्थामध्ये २४४ वटालाई नाम फिर्ता लिन निर्देशन दिएको छ । बाँकी छ वटा संस्थाको नाम भने सो प्रणालीमा हटाउने-राख्ने तथा दोहोरिएकाले यसलाई अध्ययन गरिरहेको विभागले जनाएको छ ।

मलेसिया रोजगारीमा सीमित व्यवसायीको मात्र पहुँच हुनेगरी एकाधिकार (सिण्डिकेट) भित्र्याउन सक्रिय रहेको आरोप लागेका २५ वटा 'प्रिन्सिपल एजेन्सी' भने पहिलादेखि नै संलग्न भएकाले उनीहरूमाथि छुट्टै किसिमको कारबाही अघि बढाइएको विभागको भनाइ छ । विभागले २५ व्यवसायीलाई पछिल्लो पाँच आर्थिक वर्षको सबै विवरण माग गरेको छ । गत भदौ ३१ गते पत्र पठाउँदै १५ दिनभित्र माग गरिएको सबै विवरण बुझाउन निर्देशन दिएको थियो ।

क्रमशः पृष्ठ २ मा

## इन्टरनेट महँग्याउन मन्त्रालयमा आइएसपीको 'सेटिङ'

अदालतको फैसला देखाएर इन्टरनेट सतप्रतिशत महँग्याउने खेल

■ प्रभाव संवाददाता

- शुल्क वृद्धिको यो प्रपञ्चमा नियामकलाई पन्छाएर मन्त्रालयको 'राजनीतिक सहमति' खोज्ने नयाँ खेल सुरु
- इन्टरनेट सेवा प्रदायक संघको प्रतिनिधिमण्डलले सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनासँग भेटेर मागे सहमति
- नियामकलाई छाडेर मन्त्रालय धाउनु र मन्त्रीको 'सहमति' खोज्नुले नियामक निकायको अस्तित्व र स्वायत्ततामाथि नै प्रश्न

**काठमाडौं–** सर्वोच्च अदालतको पछिल्लो फैसलालाई अस्त्र बनाएर नेपालका इन्टरनेट सेवा प्रदायकहरू (आइएसपी) ले इन्टरनेटको महसुल सतप्रतिशतसम्म बढाउने तीव्र तयारी थालेका छन् । शुल्क वृद्धिको यो प्रपञ्चमा नियामकलाई पन्छाएर मन्त्रालयको 'राजनीतिक सहमति' खोज्ने नयाँ खेल सुरु भएको छ ।

मंगलबार इन्टरनेट सेवा प्रदायक संघ (इसपान) को प्रतिनिधिमण्डलले सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनासँग भेट गरी महसुल बढाउनका लागि सहमति माग्नुले सम्पूर्ण नियामकीय प्रणालीमाथि नै गम्भीर प्रश्न खडा गरेको छ ।

### नियामकलाई बाइपास गरेर मन्त्रालयमा

दूरसञ्चार ऐन, २०५३ बमोजिम इन्टरनेटको महसुल निर्धारण, परीक्षण र स्वीकृति दिने सम्पूर्ण कानुनी अधिकार नेपाल दूरसञ्चार प्राधिकरणको हो । तर, आइएसपीहरू सक्षम नियामकलाई छाडेर मन्त्रालय धाउनु र मन्त्रीको 'सहमति' खोज्नुले नियामक निकायको अस्तित्व र स्वायत्ततामाथि नै प्रश्न उठाएको छ ।

सक्षम नियामकको स्वतन्त्र परीक्षणलाई प्रतिस्थापन गर्ने गरी राजनीतिक वा प्रशासनिक तहबाट पूर्वसहमति दिने अभ्यासले पारदर्शी शासन प्रणाली र नियामकीय मर्यादाको धज्जी उडाएको छ ।

### पुरानो व्यापारिक असफलताको बिल उपभोक्तालाई !

विवादको चुरो दूरसञ्चार सेवा शुल्क (टिएससी) र मर्मतसम्भार शुल्कसँग जोडिएको छ । विगतमा आइएसपीहरूले कानुनको गलत व्याख्या गरे, लेखा प्रणालीमा कमजोरी देखाए वा बजार कब्जा गर्न जानाजानी कम मूल्य तोके- त्यो उनीहरूको व्यापारिक निर्णय र जोखिम थियो ।

व्यापारमा नाफा निजी कम्पनीले पचाउने तर विगतको व्यावसायिक निर्णयबाट उत्पन्न कर, ब्याज र जरिवानाको भार आजका निर्दोष उपभोक्ताको मासिक बिलमा थप्न खोज्नु कुनै पनि हालतमा स्वीकार्य हुन नसक्ने उपभोक्ता अधिकारकर्मीहरूको जोड छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

# आलोचना रोक्न...

श्रेष्ठमाथि कानुनी प्रक्रिया अघि बढाइए पनि प्रकाशित सामग्री र त्यसले फौजदारी कसुर पूरा गरेको हो वा होइन भन्ने विषयमा प्रश्न उठेको थियो । पछि अदालतको आदेशबाट उनी रिहा भए ।

त्यसपछि राजनीतिक विश्लेषक भरत दाहाल पक्राउ परे। प्रहरीका अनुसार साइबर ब्युरोको उजुरीका आधारमा उनलाई पक्राउ गरिएको थियो । दाहालले प्रधानमन्त्री शाह, गृहमन्त्री गुरुङ, रास्वपा सभापति रवि लामिछाने तथा सांसदहरू सागर ढकाल र रञ्जु दर्शनासँग सम्बन्धित विषयमा अमेरिकी पत्रिका 'द ग्रेजोन'ले उनीहरूलाई नीति संवादमार्फत एक अमेरिकी संस्थाले कसरी लगानी गर्‍यो भन्नेबारे प्रकाशित समाचारको विश्लेषण गरेका थिए। उनी पनि हालै रिहा भएका छन् । पाँचथरको फाल्गुनन्द गाउँपालिका-७ का रोशन पोखरेल भने प्रधानमन्त्री शाह काठमाडौं महानगरपालिकाको मेयर हुनुभन्दा अघि जसरी थेत्तरो बोल्दै पुराना दलका नेताहरूलाई आलोचना गर्थे, त्यस्तै गर्दा पक्राउ परेर थुनामा पुगिसकेका छन् ।

यसरी हेर्दा पछिल्ला घटनामा पक्राउको कानुनी आधार फरक-फरक देखिन्छ । कसैमाथि साइबर कसुरको अनुसन्धान भइरहेको छ । कसैमाथि गोपनीयतासम्बन्धी कसुरको प्रक्रिया अघि बढाइएको छ । जबराको घटनामा भने सरकारले नै पक्राउ नभएको दाबी गरेको छ। तर यी घटनाले राज्यशक्तिको प्रयोग आलोचना रोक्नका लागि सरकारले गरिरहेको छ कि कानुन कार्यान्वयनका लागि ? प्रश्न उठेको छ।

तर, रास्वपा सांसद शिवशंकर यादव भने सरकारले कानुन मिच्न खोज्ने केहीलाई पक्राउ गर्दा आत्तिनुपर्ने अवस्था नभएको बताए । 'हामी सुशासनको जनादेश प्राप्त गरेर सत्तामा छौं, यस क्रममा हामीलाई बाधा गर्ने घरेलु वा बाह्य तत्त्वहरूलाई नियन्त्रण गर्नु सरकारको दायित्व हो, विरोध गर्नुको जरुरी छैन,' उनले भने । गत जेठअघि भने गृहमन्त्री गुरुङले पुराना राजनीतिक दलका नेतारूलाई पक्राउ गराउँथे र भन्थे- गुड मर्निङ नेपाल। तर, यतिबेला भने नेताहरूभन्दा अरु पृष्ठभूमिका व्यक्तिहरूलाई पक्राउ गराउने गरेको देखिएको छ ।

■■■

# कांग्रेस क्षेत्रीय...

मोरङको लेटाङस्थित जनसेवा सामुदायिक वनको भवनमा आयोजित अधिवेशन चलिरहँदा पार्टीका जिल्ला सभापति डिगबहादुर लिम्बू र क्षेत्रीय सभापतिका उम्मेदवार देवराज चाम्लिङ राईबीच विवाद भएको हो । बोल्ने पालो नआउँदै राईले माइक समातेर सम्बोधन गर्न थालेपछि विवाद उत्पन्न भएको थियो । जिल्ला सभापति लिम्बूले पोडियम नजिकै पुगेर राईलाई धकेल्दै पालो आएपछि मात्र बोल्न भन्दै रोक्न खोजेका थिए । त्यसपछि दुई नेताबीच चर्को भनाभन भई स्थिति झण्डै हात हालाहालको अवस्थामा पुगेको थियो ।

दैलेख-२ मा निर्वाचन प्रक्रियालाई लिएर विवाद भएपछि निर्वाचन पक्षधर समूहले मंगलबार क्षेत्रीय कार्यालयमा तालाबन्दी गरेको छ। कांग्रेस जिल्ला सचिव नारायण रेग्मीले निर्वाचन अधिकृत समशेर शाही असोज ९ गते उम्मेदवारी दरखास्त लिएपछि प्रक्रिया अघि नबढाई सम्पर्कविहीन भएको आरोप लगाउँदै तालाबन्दी गरेका हुन् ।

### देउवापक्ष पर्खन दुई दिन पछाडि सरियो महाधिवेशन

कांग्रेसले १५औं महाधिवेशनलाई दुई दिन पर धकेलेको छ । मंगलबार संशोधित कार्यतालिका सार्वजनिक गर्दै असोज १६ गते हुने भनिएको महाधिवेशन उद्घाटन असोज १८ गतेमात्र गर्ने कांग्रेसले जनाएको छ। असोज ९ देखि ११ गतेसम्म आएको अविरल वर्षापछि सिर्जना भएको घटनाका कारण महाधिवेशन सारिएको मंगलबार केन्द्रीय निर्वाचन समितिद्वारा जारी विज्ञप्तिमा भनिएको छ । 'अविरल वर्षा तथा बाढी-पहिरोका घटनालाई मध्यनजर गर्दै नेपाली कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन समारोह असोज १८ गते दिउँसो २ बजेका लागि तय गरिएको छ,' विज्ञप्तिमा उल्लेख छ ।

वर्षाको कारण भनिए पनि पूर्वसभापति शेरबहादुर देउवापक्षलाई महाधिवेशनमा समावेश गर्ने प्रयासका लागि सारिएको बताइएको छ । असोज १५ गतेदेखि वडा अधिवेशन गर्न लागेको देउवा समूहले पूर्वसभापतिलाई 'ग्रेसफुल एक्जिट' दिनुपर्ने बताउँदै आएको छ। यसका लागि १५औं महाधिवेशन सभापतिकै हैसियतमा देउवाले उद्घाटन गर्नुपर्ने उनीपक्षका नेता वीरबहादर बलायर बताउँछन् । यता सभापति गगन थापाले भने देउवालाई प्रमुख अतिथिका रूपमा निम्तो पठाउने केन्द्रीय समिति बैठकमा सुनाइसकेको कांग्रेस सहमहामन्त्री प्रकाश स्नेही रसाइलीले बताए । 'महाधिवेशनको उद्घाटनमा देउवालाई प्रमुख अतिथि बनाउने घोषणा भइसकेको छ । पूर्वसभापतिको सम्मानजनक एक्जिटका लागि पार्टी सम्पूर्ण रूपले तयार छ,' सहमहामन्त्री रसाइलीले भने ।

देउवापक्षले भने यसबारे कुनै आधिकारिक धारणा सार्वजनिक गरिसकेको छैन । खुल्लमञ्चमा उद्घाटनपछि असोज १९ र २० गते बन्दसत्रसहितका कार्यक्रम तथा २१ र २२ गते निर्वाचनसम्बन्धी कार्य हुने कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ। महाधिवेशनको मिति सरेसँगै क्षेत्रीय अधिवेशनको समय पनि लम्ब्याइएको छ । यसअघि क्षेत्रीय अधिवेशन सम्पन्न गरी महाधिवेशन प्रतिनिधिको नामावली पठाउने अन्तिम मिति असोज १३ गते तोकिएको थियो । अब उक्त समय असोज १५ गतेसम्म थप गरिएको छ ।

'देशका विभिन्न स्थानमा भारी वर्षाका कारण उत्पन्न असहज परिस्थितिले गर्दा केही निर्वाचन क्षेत्रहरूमा क्षेत्रीय अधिवेशन र महाधिवेशन प्रतिनिधि चयन प्रक्रिया जारी रहेको जानकारी प्राप्त भएको छ । यस परिस्थितिलाई मध्यनजर गरी पार्टीसँगको समन्वयमा महाधिवेशनका कार्यक्रमलाई देहायबमोजिम तय गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनुहुन केन्द्रीय निर्वाचन समिति सम्बन्धित सबैमा अनुरोध गर्दछ,' केन्द्रीय निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

संशोधित कार्यतालिकाअनुसार महाधिवेशन प्रतिनिधिको रजिस्ट्रेसन असोज १६ र १७ गते हुने छ । यसअघि तय गरिएको कार्यतालिकाअनुसार आज असोज १३ गतेसम्म क्षेत्रीय अधिवेशन सम्पन्न गरी महाधिवेशन प्रतिनिधिको नामावली पठाउनुपर्ने थियो । नयाँ कार्यतालिकाले त्यसको समय दुई दिन थप गरेको हो ।

■■■

# एफडब्ल्युसिएमएसबाट...

सरकारले सबै व्यवसायीको व्यवसाय गर्न पाउने समान अधिकार भएकाले इजाजतपत्र प्राप्त सबै व्यवसायीलाई श्रमिक भर्ना प्रक्रियामा सहभागी गराउन मलेसिया सरकारसँग पहल गरिरहेको छ । त्यहाँको श्रमिक भर्ना प्रणालीमा सूचीकृत व्यवसायीलाई कारबाहीसमेत अघि बढाएको छ । हाल एफडब्ल्युसिएमएसमा सूचीकृत २७५ संस्थाको मलेसियाको पूर्वस्वीकृति रोक्का गरिएको छ । तर यसभित्रका केही व्यवसायीको फाइल यो साता पास भएको जानकारी प्राप्त भएको नाम नखुलाउने सर्तमा एक व्यवसायीले बताए ।

'पूर्वस्वीकृति ननिकाल्ने भन्दै गर्दा मलेसियाको दूतावासबाट केही फाइल पास भएको छ । सरकारले हुन्न भन्ने तर सिन्डिकेटमा लागेकाहरूको फाइल पास हुनुको मतलब सरकारले भनेको भित्रभित्र लागु भइरहेको छैन,' उनले भने, 'हामीले फाइल मागे पनि त्यो पठाउँदा नाम थाहा हुन्छ भनेर पठाएको छैन । तर केहि दिनमा थाहा हुन्छ भनेको छ ।'

मलेसिया नेपालीहरूको प्रमुख श्रम गन्तव्य हो। उक्त मुलुकले आफ्ना १० वटा स्रोत मुलुकका सीमित व्यवसायीलाई एफडब्ल्युसिएमएसमा राखेपछि नेपाल, बंगलादेश, म्यानमार, पाकिस्तान र भारतलाई सूचीकृत संस्थाहरूमार्फत मात्र श्रमिक पठाउन भनेको छ। नेपालका व्यवसायीहरूले भने सबै व्यवसायीले काम गर्ने वातावरण नबने मलेसियाको रोजगारी नै बन्द गर्ने चेतावनी दिँदै आएका छन् ।

■■■

# इन्टरनेट महँग्याउन...

उनीहरूका अनुसार सर्वोच्च अदालतको फैसला फैसलामात्र हो; यो आइएसपीहरूलाई मनपरी शुल्क बढाउने 'खुला लाइसेन्स' होइन ।

इसपानका अध्यक्ष सुधीर पराजुलीलाई उद्धृत गर्दै 'इन्टरनेट १०० प्रतिशतसम्म महँगिन सक्ने' भनी सार्वजनिक भएका अभिव्यक्ति उपभोक्तामाथि सीधै मानसिक दबाब दिने रणनीति भएको प्रस्ट देखिन्छ। प्रतिस्पर्धी भनिएका कम्पनीहरू एकैपटक समान ढंगले मूल्य बढाउन उद्धत हुनुले बजारमा 'सिण्डिकेट' वा 'कार्टेलिङ' भइरहेको सन्देहलाई थप बल पुर्‍याएको छ । आइएसपीहरूबीच मूल्य निर्धारणमा भएको यस्तो समन्वयबारे प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षणसम्बन्धी निकायले तत्काल तथ्यपरक छानबिन गर्नुपर्ने देखिन्छ ।

### नियामक आफैं शंकाको घेरामा

इन्टरनेटको मूल्यवृद्धि रोक्नुपर्ने नेपाल दूरसञ्चार प्राधिकरण आफैं प्रश्नको घेरामा परेको छ। प्राधिकरणको वर्तमान नयाँ बोर्ड गठन प्रचलित कानुनअनुसार भए/नभएको विषयमा कानुनी प्रश्न उठेको छ । प्राधिकरणका अध्यक्ष र बजारको ठूलो सेवा प्रदायक वर्ल्डलिंक कम्युनिकेसन्सबीच निकट सम्बन्ध रहेको आशंका सार्वजनिक भएका छन् । नियामक निकाय निष्पक्ष हुनुमात्र पर्याप्त हुँदैन, उसको निर्णय प्रक्रिया निष्पक्ष देखिनु पनि उत्तिकै आवश्यक हुन्छ ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०४/०४ मा दर्ता कायम भएको **पाथिभरा हेवि इक्युप्मेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि.नं.१९८२ ९२/०७५/०७६)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/१३ गतेको बिशेष बैठकले निर्णय गरेको ले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**अधिवक्ता मोहनचन्द्र पौड्याल (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ३६८, फोन नं. ९८५१०५२२७९**


# कालीगण्डकी करिडोर अझै सञ्चालन हुन सकेन

**गुल्मी–** वर्षाका कारण छ दिनदेखि अवरुद्ध कालीगण्डकी करिडोर सडक अझै सञ्चालनमा आउन सकेको छैन । कालीगण्डकी गाउँपालिका-२ राक्सेमा गत बिहीबार राति सडक माथिबाट पहिरो खसेपछि सडक पूर्णरूपमा अवरुद्ध भएको हो । अवरुद्ध सडक खुलाउन वर्षा रोकिएपछि सोमबारदेखि नै स्थानीय तह र सडक डिभिजन कार्यालय पाल्पाको समन्वयमा डोजर र एक्साभेटर प्रयोग गरी पहिरो पन्छाउने काम भइरहेको कालीगण्डकी गाउँपालिकाका अध्यक्ष बेदबहादुर थापाले जानकारी दिए ।

उनका अनुसार उक्त सडकखण्डअन्तर्गत विशेषगरी हर्मिचौर-अर्वेनी-पुर्तिघाट क्षेत्रमा चारदेखि पाँच स्थानमा ठूला ढुंगासहितको पहिरो खसेकाले सडक तत्काल सञ्चालनमा ल्याउन कठिनाइ भएको हो । शाखा सडकमा खसेका पहिरो स्थानीय तहले पन्छाइरहेको भए पनि मुख्य सडकमा सडक डिभिजन कार्यालयले तीव्र गतिमा काम गरिरहेको उनले बताए । 'मुख्य सडकमा ठूलो पहिरो खसेकाले सडक पूर्णरूपमा सञ्चालनमा आउन अझै दुई-तीन दिन लाग्न सक्छ,' अध्यक्ष थापाले भने । सडक चाँडो सञ्चालनमा ल्याउन सकिने सम्भावनाबारे स्थानीय प्रहरी चौकी पुर्तिघाटबाट प्रहरी सहायक निरीक्षक बाबुराम श्रेष्ठको नेतृत्वमा प्रहरी टोलीसमेत पहिरोग्रस्त क्षेत्रमा परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माले जानकारी दिए।


## तु-आवश्यकता

**यस कम्पनीका लागि निम्न कर्मचारीहरू आवश्यकता भएकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

1. Documentation Oficer - 2, Female (Mofa/Dofe) तथा म्यानपावर साउदीका लागि डकुमेन्टेसनमा दक्ष व्यक्ति ।
2. Receptionist -2 Female, राम्रो Communication Skill तथा साउदी देशका लागि व्यास्थापनमा दक्ष व्यक्ति भएको ।
3. Office Secretary - 2, MBC, Demand Set तथा Mofa/Dofe सम्बन्धी कार्यमा दक्ष ।
4. Accountant - 1 म्यानपावर कम्पनी सम्बन्धी लेखा तथा प्रशासनिक कार्यमा दक्ष ।

नोटः + 2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने, म्यानपावर क्षेत्रमा Accountant सम्बन्धी अनुभव भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

★ तलबः योगयता तथा अनुभवअनुसार Negotiable
★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

LIC No. 1082/073/74
**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८२/०५/१८ मा दर्ता भएको प्रा.लि.नं. ३७४४८९ को **छती माइ कृषि फार्म प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनी स्वेच्छिक खारेजी गर्ने बारेको सूचना

**प्रकाशित मिति : २०८३/०६/१४ गते**

**ओम नम बुद्ध सप्लायर्स प्रा.लि.**को मिति २०८३/०६/१२ को निर्णयबाट कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (२) को (क) बमोजिम कम्पनीलाई स्वेच्छिक रूपमा खारेजीमा लैजाने निर्णय गरी मलाई सोही ऐनको दफा १२७ को उपदफा १ बमोजिम लिक्वीडेटरमा नियुक्त गरेकोले यस कम्पनीसँग कुनै लेनदेन भए सबुत प्रमाणसहित सूचना प्रकाशित भएको मितिले **२१ (एकाइस) दिन** भित्र निम्नानुसारको ठेगानामा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त मिति पछि प्राप्त दावी विरोध उपर कुनै कारवाही नहुने व्यहोरो समेत जानकारी गराइन्छ।

**लिक्वीडेटरः कुमार गुरुङ्ग**
**ठेगाना : का.म.न.पा. वडा नं. २४, काठमाडौं, फोन नं. : ९८४१८६१६३०**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/१४**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८३/०५/३१ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **किराणा डायग्नोस्टिक सेन्टर प्रा. लि**. (प्रा.लि.नं. ३८५४८९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **रोजवड डायग्नोस्टिक सेन्टर प्रा. लि**. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## हकदावीको सूचना

लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, कृष्णनगर न.पा. वडा नं. १२ बस्ने सरजु प्रसाद मुराऊको नाती, राम नेवास मुराऊको छोरा, सुग्रीम कुमार मौर्यको मिति २०८३।०४।०३ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. ०३४०५०५०३०६४३० मा भएको सम्पुर्ण रकम निजकी श्रीमती सुभावती मुराऊ सबैभन्दा नजिकको हकवालाको हैसियतले आफुलाई उपलब्ध गराई पाउँ भनी आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुत प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, कृष्णनगर, कपिलवस्तु
फोन नं.: ०७६-५२०७६४

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मिति २०७१/०१/२४ मा दर्ता भएको **एक्सेल टेक प्रा. लि. (प्रा. लि. नं. १२२२९३/०६८/०६९)** लाई खारेजी लिक्वीडेशनमा लैजान कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/१३ गतेको वार्षिक साधारणसभाको निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाणसहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ४०४, फोन नं. ९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०४/०४ मा दर्ता कायम भएको **आशिर्वाद ट्राभल्स प्रा.लि. (प्रा.लि.नं.१७१२०४/०७४/०७५)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/१३ गतेको बिशेष बैठकले निर्णय गरेको ले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अधिवक्ता मोहनचन्द्र पौड्याल (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ३६८, फोन नं. ९८५१०५२२७९**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बुधबार, १४ असोज, २०८३

| | |
|---|---|
| **मेष** | काममा उत्साह बढ्नेछ। आर्थिक पक्षमा सुधारको संकेत छ। |
| **वृष** | रोकिएका काम अघि बढ्नेछन्। परिवारबाट राम्रो सहयोग मिल्नेछ। |
| **मिथुन** | नयाँ अवसर प्राप्त हुन सक्छ। बोलीमा संयम अपनाउनुहोस्। |
| **कर्कट** | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ। खर्चमा ध्यान दिनुहोला। |
| **सिंह** | आत्मविश्वास बढ्नेछ। नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। |
| **कन्या** | काममा सफलता मिल्नेछ। स्वास्थ्य र आराममा ध्यान दिनुहोस्। |
| **तुला** | साथीभाइबाट सहयोग मिल्नेछ। आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस्। |
| **वृश्चिक** | महत्त्वपूर्ण काम पूरा हुने दिन छ। पारिवारिक सम्बन्ध सुमधुर रहनेछ। |
| **धनु** | नयाँ योजना बनाउन अनुकूल समय छ। यात्राबाट लाभ मिल्न सक्छ। |
| **मकर** | कामको दवाब बढ्न सक्छ। धैर्य र संयमले समस्या समाधान हुनेछ। |
| **कुम्भ** | नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ। आम्दानीका स्रोत बढ्ने संकेत छ। |
| **मीन** | मनमा उत्साह बढ्नेछ। रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१४ असोज, २०८३ (३० सेप्टेम्बर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५३.०१ | १५३.६१ |
| युरो | १ | १७४.३० | १७४.९८ |
| पाउन्ड स्टिर्लङ | १ | २०२.७८ | २०३.५८ |
| स्विस फ्रैन्क | १ | १८४.६८ | १८५.४१ |
| अस्ट्रेलियन डलर | १ | १०७.४७ | १०७.८९ |
| क्यानाडियन डलर | १ | १०८.१८ | १०८.६१ |
| सिङगापुर डलर | १ | ११९.७६ | १२०.२३ |
| जापानी येन | १० | ९.७३ | ९.७७ |
| चिनियाँ युआन | १ | २२.७९ | २२.८८ |
| साउदी अरब रियाल | १ | ४०.७५ | ४०.९१ |
| कतारी रियाल | १ | ४२.०१ | ४२.१८ |
| थाई भाट | १ | ४.५८ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.६६ | ४१.८२ |
| मलेसियन रिङेट | १ | ३७.५६ | ३७.७० |
| दक्षिण कोरियन वन | १०० | ११.३० | ११.३४ |
| स्विडिस क्रोनर | १ | १५.४३ | १५.४९ |
| डेनिस क्रोनर | १ | २३.३१ | २३.४१ |
| हङकङ डलर | १ | १९.५१ | १९.५८ |
| कुवेती दिनार | १ | ४९७.२७ | ४९९.२२ |
| बहराइन दिनार | १ | ४०५.८९ | ४०७.४८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# लामो दूरीका सवारीसाधनमा दुई चालक अनिवार्य

**काठमाडौं–** चाडपर्व नजिकिएसँगै काठमाडौं उपत्यका ट्राफिक प्रहरीले लामो दूरीमा सञ्चालन हुने रात्रिकालीन सार्वजनिक सवारीसाधनमा दुई चालक अनिवार्य राख्ने नियमको कार्यान्वयनमा कडाइ गर्ने भएको छ । यात्रुको सुरक्षा, सवारी दुर्घटना न्यूनीकरण तथा सुरक्षित यात्राको सुनिश्चितताका लागि ट्राफिक प्रहरीले उक्त नियम कार्यान्वयन गराउन विशेष निगरानी बढाउन लागेको हो ।

लामो दूरीका सवारीसाधनमा दुई चालक राख्नुपर्ने विद्यमान नियमलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन ट्राफिक प्रहरीले जाँच तथा अनुगमनलाई तीव्रता दिने जनाएको छ । विशेषगरी चाडपर्वका समयमा यात्रुको चाप बढ्ने र रातिको समयमा लामो दूरीका बस सञ्चालन हुने भएकाले चालकको थकानका कारण हुन सक्ने सम्भावित दुर्घटना न्यूनीकरण गर्न यस्तो व्यवस्था कार्यान्वयनमा कडाइ गर्न लागिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले जानकारी दिए ।

उनका अनुसार लामो दूरीमा सञ्चालन हुने सार्वजनिक सवारीसाधनमा दुई चालक भए-नभएको विषयमा ट्राफिक प्रहरीले नियमितरूपमा जाँच गर्ने छ । नियमविपरीत एक जनामात्रै चालक राखेर सवारी सञ्चालन गरेको पाइएमा प्रचलित कानुनअनुसार कारबाही गरिने छ ।

विशेषगरी रातिको समयमा लामो दूरीको यात्रा गर्दा चालकलाई पर्याप्त आराम नपुग्ने तथा लगातार सवारी चलाउँदा थकानका कारण दुर्घटनाको जोखिम बढ्न सक्ने भएकाले दुई चालकको व्यवस्था प्रभावकारी बनाउन लागिएको ट्राफिक प्रहरी प्रमुख काफ्लेको भनाइ छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले लामो दूरीका रात्रिकालीन सार्वजनिक सवारीसाधनमा दुई चालक राख्नुपर्ने नियमलाई थप कडाइका साथ लागू गरिने बताए । उनले भने, 'चालकसहित यात्रुहरूको सुरक्षाका लागि रात्रिकालीन सेवाका सवारीसाधनमा दुई चालक राख्नुपर्ने नियम छ । त्यसैलाई अब थप कडाइका साथ लागू गर्दै छौं ।' दुई चालकको व्यवस्था कार्यान्वयन भएमा चालकले पालैपालो सवारी चलाउन सक्ने र लामो यात्रामा चालकको थकान व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको प्रवक्ता सुवेदीको भनाइ छ ।

यसैगरी लामो दूरीका सवारीसाधनका चालकले मादकपदार्थ तथा लागू पदार्थ सेवन गरे-नगरेको विषयमा समेत ट्राफिक प्रहरीले कडाइका साथ चेकजाँच गर्ने भएको छ । सवारी सञ्चालन गर्नुअघि तथा यात्राका क्रममा चालकको अवस्था जाँच गरी सम्भावित जोखिम नियन्त्रण गर्ने उद्देश्यले यस्तो निगरानी बढाउन लागिएको प्रवक्ता सुवेदीले बताए । चाडपर्वका समयमा सार्वजनिक यातायातमा यात्रुको चाप बढ्ने, टिकटको माग उच्च हुने र लामो दूरीका सवारीसाधनको आवागमन बाक्लिने भएकाले यात्रुको सुरक्षा तथा यातायात व्यवस्थापनलाई प्राथमिकतामा राखेर विशेष अभियान सञ्चालन गर्न लागिएको हो ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले चाडपर्व लक्षित अभियानअन्तर्गत सवारीसाधनको अवस्था, चालकको योग्यता तथा नियम पालना भए-नभएको विषयमा समेत निगरानी गर्ने जनाएको छ । यात्रुलाई सुरक्षित यात्रा गराउने, सवारी दुर्घटना नियन्त्रण गर्ने र यात्रु ठगीका घटनालाई रोक्ने उद्देश्यले अभियान सञ्चालन गरिने कार्यालयले जनाएको छ ।

यसका लागि दिवा तथा रात्रिकालीन समयमा सडकमा ट्राफिक प्रहरीको थप उपस्थिति गराइने छ । मुख्य सडक, सवारी आवागमन बढी हुने क्षेत्र तथा लामो दूरीका सार्वजनिक सवारीसाधन सञ्चालन हुने स्थानमा प्रहरी परिचालन गरी नियमित जाँच तथा अनुगमन गरिने जनाइएको छ ।

चाडपर्वका बेला यात्रुको आवागमन सहज र सुरक्षित बनाउन ट्राफिक प्रहरीले सार्वजनिक यातायातका साधनमा यात्रु ठगी हुन नदिन पनि निगरानी गर्ने छ । यात्रुबाट निर्धारितभन्दा बढी भाडा असुल्ने, टिकटमा अनियमितता गर्ने तथा यात्रुलाई असुविधा हुने गतिविधि रोक्न सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कदम चालिने प्रहरीले जनाएको छ ।

ट्राफिक प्रहरीका अनुसार सवारी दुर्घटना न्यूनीकरणका लागि चालकले ट्राफिक नियम पालना गर्नुका साथै यात्रुले पनि सुरक्षित यात्राका लागि आवश्यक सावधानी अपनाउनुपर्ने हुन्छ । लामो दूरीको यात्रा गर्दा सवारीसाधनको अवस्था र चालकको सुरक्षालाई ध्यान दिनु आवश्यक रहेको प्रहरीको भनाइ छ । चाडपर्वका समयमा सडकमा सवारीसाधनको चाप बढ्ने र यात्रुहरूको आवागमन बाक्लिने भएकाले ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन विशेष अभियान सञ्चालन गर्न लागिएको हो । अभियानमार्फत सडकमा प्रहरीको उपस्थिति बढाइ यात्रुलाई सुरक्षित यात्राको प्रत्याभूति दिलाउने लक्ष्य राखिएको कार्यालयले जनाएको छ । *रासस*

# प्रोत्साहन भत्तामा सबै शिक्षक-कर्मचारीलाई समान व्यवहार गर्न माग

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्रिय शिक्षक संगठनले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत शिक्षक तथा विद्यालय कर्मचारीका लागि व्यवस्था गरिएको प्रोत्साहनभत्तामा विभिन्न प्रकृतिका अस्थायी शिक्षक तथा कर्मचारीलाई विभेद् अन्त्य नगर्न सरकारसँग माग गरेको छ ।

सो संगठनका अध्यक्ष हंशबहादुर शाही र महासचिव प्रकाश खनालद्वारा जारी विज्ञप्तिमा सामुदायिक विद्यालयमा स्थायी तथा विभिन्न प्रकृतिका अस्थायी शिक्षक-कर्मचारीले एउटै विद्यालय, कक्षाकोठा र समान शैक्षिक जिम्मेवारी निर्वाह गरिरहेको अवस्थामा सेवा-सुविधा र प्रोत्साहन भत्तामा विभेद् गर्नु न्यायोचित नहुने उल्लेख गरिएको छ ।

संगठनले राहत, करार, साविक उच्च माध्यमिक तथा प्राविधिक धार, सङ्घीय शिक्षण सिकाइ अनुदान, बालविकास, विद्यालय कर्मचारी, लेखा सहायक, विद्यालय नर्स तथा स्थानीय र प्रदेश अनुदानलगायतका शिक्षक-कर्मचारीलाई समेत प्रोत्साहन भत्ता उपलब्ध गराउन माग गरेको हो । विज्ञप्तिमा अस्थायी प्रकृतिका शिक्षक तथा कर्मचारीको सेवा निरन्तरता, सामाजिक सुरक्षा, पेसागत सम्मान र दीर्घकालीन रोजगारी सुनिश्चित हुनेगरी स्पष्ट र दीर्घकालीन नीति निर्माण गर्न पनि माग गरिएको छ । पटक-पटक करार नवीकरण गर्नुपर्ने बाध्यकारी अवस्थाको अन्त्य गर्न सरकारसँग आग्रह गरिएको छ ।

# अध्यक्ष र कर्मचारीमाथि भएको दुर्व्यवहारबारे प्रेस काउन्सिलको ध्यानाकर्षण

काठमाडौं (प्रस)- प्रेस काउन्सिल नेपालका अध्यक्ष र कर्मचारीमाथि दुर्व्यवहार भएकोप्रति काउन्सिलले सरोकारवालाको ध्यानाकर्षण गराएको छ। काउन्सिलले मंगलबार जारी प्रेस विज्ञप्तिअनुसार नेपाल पत्रकार महासंघको नेतृत्वसँग लोककल्याणकारी विज्ञापनका विषयमा भएको छलफलका क्रममा काउन्सिलका अध्यक्ष उमेश श्रेष्ठलाई लक्षित गर्दै धम्कीपूर्ण र अपमानजनक व्यवहार भएको हो ।

छापामाध्यम बचाउ सुझाव कार्यदलका मागका सम्बन्धमा मंगलबार दिउँसो काउन्सिलका अध्यक्षको कार्यकक्षमा छलफल भइरहेको समयमा पत्रकार दीपक पाण्डेले 'अध्यक्षलाई झ्यालबाट फालिदिन्छु' लगायतका धम्कीपूर्ण अभिव्यक्ति दिएको काउन्सिलले जनाएको छ ।

महासंघ र कार्यदलकातर्फबाट सहभागी केही व्यक्तिले काउन्सिलका कर्मचारीमाथिसमेत अपमानजनक व्यवहार गरेका प्रेस काउन्सिलका सदस्य नम्रता शर्मा, रविराज बराल, उपासना घिमिरे र प्रकाशभक्त माथेमाद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ । छलफलका क्रममा धम्कीपूर्ण भाषा प्रयोग गर्नु स्वीकार्य नहुने भन्दै काउन्सिलले पेसागत माग राख्ने अधिकारको सम्मान गर्ने स्पष्ट पारेको छ। साथै संस्थागत संवादका क्रममा मर्यादित र जिम्मेवार व्यवहार गर्न पनि काउन्सिलले सचेत गराएको छ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **फर्म कम्पनीले** CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WHEEL BARROW WHEEL 3.50-8 TYRE NON HIGHWAY USE | N/A | BLACK TIGER | 3.50-8 | N/A | CHINA | PCS | 1000.00 | |
| 2 | WHEEL BARROW WHEEL 3.50-8 TYRE HUB | N/A | BLACK TIGER | 3.50-8 | N/A | CHINA | PCS | 250.00 | |

बिक्रेताको फर्मको नाम: MANOKAMNAOVERSEAS | एक्जिम कोड नं: 3026371220159NP

ठेगाना: Birgunj,Parsa, Nepal | फोन नं: 9804208069

Email: manokamna2002@gmail.com



## ज्योति विकास बैंकको भुक्तानी हुन बाँकी ५ वर्ष भन्दा पुरानो लाभांश सम्बन्धी सूचना

यस विकास बैंकले शेयरधनीलाई भुक्तानी गर्नुपर्ने लाभांश उक्त लाभांश घोषणा गरेको मितिले पाँच वर्षसम्म सम्बन्धित शेयरधनी वा निजको हकवाला लिन नआउनुभएको अवस्था रहेकोले यसरी भुक्तानी गर्न बाँकी रहेको लाभांशको विवरण यस विकास बैंकको वेवसाइट (https://jbbl.com.np) मा प्रकाशित गरीएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दै लाभांश लिन बाँकी संस्थापक शेयरधनी महानुभावहरुलाई यस विकास बैंकको केन्द्रिय कार्यालय, कमलपोखरीमा र सर्वसाधारण शेयरधनी महानुभावहरुलाई यस विकास बैंकको शेयर रजिष्ट्रार ज्योति क्यापिटल लि. कमलपोखरी, काठमाडौंमा सम्पर्क गरी आ-आफ्नो लाभांश बुझि लिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल असोज महिना १४ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय धादिङबेसीबाट तपशिलमा उल्लेखित ऋणीले ब्यबसाय आबधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औँ दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **आर.के सप्लार्यस** | प्रोप्राइटरको नाम : राज कुमार गिरी | प्रा.फ.र.नं. : ३३२७/०७३/०७४
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय | दर्ता मिति : २०७३/१२/२८
रजिष्टर्ड ठेगाना : धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ३ | स्थायी लेखा नं. : ६०६०७२३७३

**प्रोप्राइटरको विवरण**

टेक बहादुर गिरीको नाति तुल बहादुर गिरीको छोरा धादिङ जिल्ला नलाङ वडा नं. ३ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **राज कुमार गिरी** (ना.प्र.नं. : ८३७२ जारी मिति र जिल्ला : २०६३/०३/०६, धादिङ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

तुल बहादुर गिरीको बुहारी राज कुमार गिरीको पत्नी धादिङ जिल्ला भुमेस्थान वडा नं. १ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **कल्पना पुरी** (ना.प्र.नं. : २६३०४२/७४९ जारी मिति र जिल्ला : २०६३/१०/०८, धादिङ)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८१/०७/१० गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
२) मिति २०८२/०८/१६ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रि सम्बन्धी २१ दिने
३) मिति २०८३/०४/१५ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रि सम्बन्धी १५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| राज कुमार गिरी | धादिङ जिल्ला निलकण्ठ गा.वि.स. वडा नं. ५ | ५च | ८२७ | ०-२-०-२ |
| | धादिङ जिल्ला नलाङ गा.वि.स. वडा नं. ३ | ३क | ७ | १-०-०-३ |
| | | | १२ | ०-१२-३-० |
| | | | ६ | ०-३-२-२ |
| | | | ८ | १-०-२-३ |
| | | | १३ | १-६-२-० |
| | धादिङ जिल्ला नलाङ गा.वि.स. वडा नं. ८ | ८क | ७ | १-१०-३-० |
| | | | ८ | १-८-०-३ |
| | | | १९ | १-०-०-१ |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८३ साल असोज महिना २० गते मंगलबार भित्र यस बैंकको शाखा कार्यालय धादिङबेसी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असोज महिना २१ गते बुधबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय धादिङबेसीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## Katari Municipality
### Office of the Municipal Executive
Koshi Province, Udayapur

**Notice of Bid Addendum (Addendum No. 1)**

**Date of publication: September 30, 2026 (2083/06/14)**

This is to notify all bidders that a revised Bill of Quantities (BOQ) has been issued for the following project. To accommodate this correction, the procurement schedule is amended as follows:

| SN | Contract ID | Description of work | New Bid Purchase Deadline | New Bid Submission Deadline | New Bid Opening Date |
|---|---|---|---|---|---|
| 1 | KMUN/W/NCB/16/083/84 | Upgradation of Betini - Katujne - Palsing - Ward no. 10 Office Road | October 6, 2026 (5:00 PM) | October 7, 2026, 12:00 PM | October 7, 2026, 1:00 PM |

**Instruction for Bidders:**
1. **New Bids:** Must be submitted using only the revised BOQ.
2. **Already Submitted Bids:** Bidders who have already submitted their bids must submit the revised BOQ and a **new Letter of Bid** in a separate, sealed envelope clearly marked "MODIFICATION" before the new submission deadline. Failure to do so will result in disqualification.
3. Bid Security validity must be extended to align with the new submission deadline. All other terms remain unchanged. Revised BOQs can be collected from the municipality office.

**Chief Administrative Officer**



## नेपाल विद्युत प्राधिकरण
### प्रसारण निर्देशनालय
केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल

**रत्नपार्क-थापाथली १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजना २.४ कि.मि. डबल सर्किटको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि सार्वजनिक सूचना**

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

(प्रकाशित मितिः २०८३/०६/१४ गते )

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल, फोन नं.०१-४१५३०३५,<br>ईमेल : ktmvtsep.a@gmail.com,nea ptl@nea.org.np, ktmvtsep.a@nea.org.np |
| प्रस्तावको व्यहोरा | प्रस्तावित रत्नपार्क (थापाथली १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाईन आयोजना काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं.२८ स्थित प्रस्तावित रत्नपार्क सबस्टेसनदेखि सुरु भई सोहि महानगरपालिकाको वडा नं.११ मा प्रस्तावित थापाथली सबस्टेसनसम्म जानेछ । आयोजनाको भूमिगत प्रसारण लाइनमा ४ वटा जोइन्ट पिटहरू निर्माण गरिनेछ । यस प्रसारण लाइनको कन्डक्टरको आकार ८०० वर्ग मिमि XLPE, भोल्टेज स्थर १३२ के.भी. (डबल सर्किट) हुनेछ । यस प्रसारण लाइनको भारवहन क्षमता ३४० मेगावाट रहेको छ । |
| प्रभाव पर्ने प्रदेश/जिल्ला/न.पा./वडा.नं. | बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.११ र २८ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको मा.न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना :**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल<br>फोन नं. ०१-४१५३०३५<br>ईमेलःktmvtsep.a@gmail.com,nea ptl@nea.org.np, ktmvtsep.a@nea.org.np | वापकोस लिमिटेड<br>७६-सी, सेक्टर-१८, गुरागाउँ-१२२०१५, हरीयाना, भारत<br>(स्थानीय कार्यालय बालकुमारी, ललितपुर, नेपाल)<br>इमेल : electrical@wapcos.co.in |



## माइग्रेसन हराएको सूचना

मिति २०८३/०५/२३ गते ललितपुर जिल्ला, जावालाखेल देखि पाटन क्याम्पस जाने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : बर्षा खत्री**
**रजिष्ट्रेसन नम्बर : ७९३२५०१९००८४**
**सिम्बोल नं.: ९२५३७९०६**
**ठेगाना : लुभु,ललितपुर**
**सम्पर्क: : ९८६६२५०४०२**



## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०५/२८ गते का.म.न.पा. वडा नं. २७, विर अस्पताल स्थित पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्को बजाज पल्सर मोटरसाइकल अन्दाजी १२:४५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : अमृत घल**
**बाइक नं.: बा.प्र.-०२-०६४ प १४७६**
**च्यासिस नं.: M2A11CXOSPH83666**
**इन्जिन नं. : DHXPSG50996**
**ठेगाना : बेनिघाट रोराङ वडा नं.०४**
**सम्पर्क नं. ९८०६८४९५७६, ९७६८७६१६६२**



## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०६/०३ गते का.जि.कागेश्वरी मनोहरा नगरपालिका वडा.नं.०८ एर्यपोर्ट पछाडिबाट रातो र कालो रङ्को १२५ सि.सि. पल्सर मो.सा. मोटरसाइकल अन्दाजी १९: ०० बजे हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिनर्भस हायर पर्चेज लि.**
**ऋणीको नामः विरेन्द्र कुमार साह**
**बाइक नं.: बा.प्र.-०२-०६० प ९०१४**
**च्यासिस नं.: MD2C19BX5SWD94438**
**इन्जिन नं. : J2XWSD 62559**
**ठेगाना : काठमाडौं,टेकु**
**सम्पर्क नं. ९८०८७९५६७५**



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष अंक १५९ असोज १३ गते २०८३ मा प्रकाशित कतार देशको LUCKY HUMAN RESOURCE PVT.LTD. को HIGH VOLTAGE DECORATION कम्पनीको General Electrician को सङ्ख्या पुरूष-१ र महिला-० हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08, Gaushala, Kathmandu, Nepal Tel: 01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail.com, Website : www.luckyhumanresource.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# फरक बोलीको सम्मान गर

**लोकतन्त्रमा सरकारसँग प्रश्न गर्नु अपराध होइन । असहमति राख्नु अपराध होइन । सरकारको स्वस्थ आलोचना गर्नु झन अपराध हुँदै होइन । तर, वालेन्द्र सरकार आलोचकहरूलाई धमाधम पक्राउ गरिरहेको छ । सुरुमा राजनीतिज्ञ र उद्योगी–व्यवसायी वालेन्द्र सरकारको टार्गेटमा थिए । यतिबेला पत्रकार, राजनीतिक विश्लेषक, व्यवसायी हुँदै पूर्वप्रधानन्यायाधीशसम्म सरकारको कारबाहीमा परेका छन् ।**

**यस्तोमा प्रश्न उठ्छ– वालेन्द्र सरकारलाई आलोचना अपाच्य भएको हो ? यदि होइन र कसैले आपराधिक कसुर गरेको छ भने जो कोहीमाथि अनुसन्धान हुनुपर्छ । कानुनअनुसार कारबाही पनि हुनुपर्छ । आलोचक भएकै कारण कसैलाई कानुनभन्दा माथि राख्न मिल्दैन । तर, विरोधी आवाज बन्द गर्न राज्यशक्ति प्रयोग गर्न पनि मिल्दैन ।**

**आलोचना गलत भए सरकारले तथ्यले जवाफ दिनुपर्छ । झूटा आरोप छन् भने प्रमाणले खण्डन गर्नुपर्छ । समाचार गलत छ भने कानुनी बाटो अपनाउनुपर्छ । कसुर भएको छ भने अदालतमा मुद्दा चलाउनुपर्छ । तर, आलोचना गर्‍यो कि प्रहरी पठाएर पक्राउ गर्ने र थुन्ने गर्नु हुँदैन । यो अधिनायकवादी शासकको चरित्र हो । हाम्रो संविधानले कार्यकारी प्रमुखको कल्पना यस्तो चरित्रको गरेको छैन । हो, पक्राउ राज्यको शक्ति प्रयोग हो । त्यसैले यसको प्रयोग कानुनी आधार र पारदर्शी प्रक्रियाबाट हुनुपर्छ । कसैलाई पक्राउ गर्नु सामान्य कदममात्रै होइन, यसले त नागरिकको स्वतन्त्रता प्रत्यक्ष प्रभावित गर्छ ।**

**हालै पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको विनाकारण पक्राउ र छाड्ने घटनाले झन् गम्भीर प्रश्न उठाएको छ । यदि, जबरामाथि सुरक्षा जोखिम थियो भने सुरक्षा किन दिइएन ? उनलाई घरबाट किन लगियो ? कसको आदेशमा प्रहरी परिचालन भयो ? उनलाई पक्राउ गरिएको हो कि सुरक्षा दिइएको हो ? केही घण्टामै परिवारको जिम्मा किन लगाइयो ?**

**सरकारले यी प्रश्नको स्पष्ट जवाफ दिनुपर्छ । किनकि, राज्यका निकायले एउटै घटनाबारे फरक–फरक व्याख्या गर्दा सरकारप्रतिको विश्वास कमजोर हुन्छ । कानुन कार्यान्वयनमा पनि प्रश्न उठ्छ । राजनीतिक विश्लेषक भरत दाहाल र जनआस्था साप्तहिकका सम्पादक किशोर श्रेष्ठका घटनाले पनि सरकारको कारबाही शैलीमाथि बहस जन्माएको छ । उनीहरू पक्राउ परे । कानुनी प्रक्रिया अघि बढ्यो । पछि अदालतबाट राहत पाए । यसले एउटा कुरा स्पष्ट गर्छ– राज्यले पक्राउ गर्नुअघि कानुनी आधार र प्रक्रियाको गम्भीर परीक्षण गर्नुपर्छ ।**

**वालेन्द्र सरकार परिवर्तनको अपेक्षाबाट आएको हो । पुरानो राजनीतिक संस्कारप्रतिको असन्तुष्टिबाट यसको उदय भएको हो । सुशासन, पारदर्शिता र विधिको शासन यसको मुख्य दाबी हुन् । तर, विपक्षीलाई पक्राउ गर्ने र थुनेर यी मामिला प्राप्त हुँदैन ।**

## श्रम सरोकार

# साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

### अनलाइन किनमेल वा वित्तीय कारोबार गर्दा सावधानी अपनाउने

आधिकारिक वेबसाइटहरू वा एप्सबाट मात्र बिलको रकम तिर्ने । आफ्नो डेबिट/क्रेडिट कार्डको विवरण वा अन्य संवेदनशील जानकारी अनधिकृत वा शंकास्पद वेबसाइटहरूमा नबाँड्ने ।

# घरपझोङ सम्मेलन: स्थानीय आवाजदेखि राष्ट्रिय एजेण्डासम्म



❑ डा. दामोदर रेग्मी

> जलवायु परिवर्तनका क्षेत्रमा विश्वले महत्त्वपूर्ण प्रयास र केही उपलब्धि हासिल गरेको भए पनि चुनौती अझ गम्भीर छ । त्यसैले अबको जलवायु नीति उत्सर्जन घटाउने विषयमामात्र केन्द्रित हुनु पर्याप्त हुँदैन । कसले बढी योगदान गर्‍यो, कसले बढी क्षति व्यहोर्‍यो, स्रोत कसरी न्यायपूर्णरूपमा वितरण हुन्छ र भावी पुस्ताको अधिकार कसरी सुरक्षित हुन्छ भन्ने प्रश्नलाई पनि केन्द्रमा राख्नुपर्छ । नेपालका लागि जलवायु संकट चुनौतीमात्र होइन, विकासको नयाँ बाटो रोज्ने अवसर पनि हो ।

जलवायु परिवर्तन आज मानव सभ्यताले सामना गरिरहेको जटिल, बहुआयामिक र दीर्घकालीन चुनौतीमध्ये एक हो । यो केवल वातावरणीय समस्या होइन; कृषि, खाद्यसुरक्षा, पानी, स्वास्थ्य, अर्थतन्त्र, रोजगारी, पूर्वाधार, गरिबी, मानव सुरक्षा र भावी पुस्ताको भविष्यसँग जोडिएको विकासको प्रश्न हो । औद्योगिक क्रान्तिपछि जीवाश्म इन्धनको व्यापक प्रयोग, तीव्र औद्योगिकीकरण, वन विनास, अनियन्त्रित सहरीकरण र प्राकृतिक स्रोतको अत्यधिक दोहनका कारण हरितगृह ग्यासको उत्सर्जन बढ्दै जाँदा पृथ्वीको तापक्रम वृद्धि भएको छ । परिणामस्वरूप हिमनदी पग्लने, हिमताल विस्फोटको जोखिम बढ्ने, वर्षाको स्वरूपमा परिवर्तन, बाढी, पहिरो, खडेरी, डढेलो तथा अन्य चरम मौसमी घटनाहरूको जोखिम बढिरहेको छ ।

जलवायु परिवर्तनको गम्भीरता बढ्दै गएसँगै यसको न्यूनीकरण र अनुकूलनका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय तहमा विभिन्न प्रयास भएका छन् । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि, क्योटो प्रोटोकल र सन् २०१५ को पेरिस सम्झौताले विश्वव्यापी जलवायु शासनको आधार निर्माण गरेका छन् । पेरिस सम्झौताले विश्वको तापक्रम वृद्धिलाई पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री सेल्सियसभन्दा निकै तल राख्ने तथा सम्भव भएसम्म १.५ डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष्यलाई स्थापित गरेको छ । राष्ट्रिय रूपमा निर्धारित योगदान, जलवायु विज्ञानसम्बन्धी अनुसन्धान, पूर्वचेतावनी प्रणाली, अनुकूलन, नवीकरणीय ऊर्जा र हरित प्रविधिको विकासले पनि समाधानका नयाँ सम्भावना सिर्जना गरेका छन् ।

औद्योगिक क्रान्तिपछि हरितगृह ग्यास उत्सर्जनमा भएको तीव्र वृद्धिले पृथ्वीको तापक्रम बढाउँदै लगेको छ । यसको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि विगत केही दशकदेखि अन्तर ाष्ट्रिय तथा राष्ट्रिय तहमा विभिन्न प्रयास हुँदै आएका छन् । पेरिस सम्झौता, संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि तथा जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलजस्ता पहलले जलवायु परिवर्तनलाई विश्वव्यापी नीति र विकासको केन्द्रमा ल्याउन महत्त्वपूर्ण योगदान गरेका छन् ।

जलवायु परिवर्तन नियन्त्रणका क्षेत्रमा भएका प्रयासबाट केही महत्त्वपूर्ण उपलब्धि पनि हासिल भएका छन् । नवीकरणीय ऊर्जाको विकास र प्रयोग विस्तार भएको छ, ऊर्जा दक्षता तथा विद्युतीय यातायाततर्फ विश्वको ध्यान बढेको छ, वन संरक्षण तथा पुनःस्थापनाका कार्यक्रम अघि बढेका छन् र धेरै देशले कार्बन उत्सर्जन घटाउने राष्ट्रिय लक्ष्य निर्धारण गरेका छन् । जलवायु परिवर्तनसम्बन्धी जोखिम, अनुकूलन र विपद् व्यवस्थापनलाई विकास योजनासँग जोड्ने अभ्यास पनि बढेको छ । निजी क्षेत्र, नागरिक समाज, स्थानीय समुदाय र युवाको सहभागिता विस्तार हुनु अर्को सकारात्मक उपलब्धि हो ।

यी प्रयासबाट उपलब्धिहरू पनि हासिल भएका छन् । सौर्य, वायु, जलविद्युत्लगायत नवीकरणीय ऊर्जाको प्रयोग विस्तार भएको छ । विद्युतीय यातायात, ऊर्जा दक्ष प्रविधि, हरित भवन, स्वच्छ उत्पादन प्रणाली र कम-कार्बन अर्थतन्त्रको अवधारणा अघि बढेको छ । वन संरक्षण, वृक्षरोपण, जलाधार संरक्षण, जलवायु-स्मार्ट कृषि तथा अनुकूलनका कार्यक्रम विस्तार भएका छन् । जलवायु परिवर्तनलाई सार्वजनिक नीति र विकास योजनाको अभिन्न विषयका रूपमा हेर्ने क्रम बढेको छ भने नागरिक समाज, युवा, निजी क्षेत्र र स्थानीय समुदायको सहभागिता पनि विस्तार भएको छ ।

यति प्रयासहरू हुदाँहुँदै पनि विश्वव्यापी तापक्रम वृद्धि नियन्त्रण गर्न आवश्यक गतिमा उत्सर्जन घट्न सकेको छैन र जीवाश्म इन्धनमा निर्भरता अझै ठूलो छ । जलवायु परिवर्तनका प्रभाव तीव्र हुँदै जाँदा प्रतिबद्धता र कार्यान्वयनबीचको अन्तर अझै चुनौतीका रूपमा रहेको छ । यही कारण जलवायु परिवर्तनलाई केवल उत्सर्जन न्यूनीकरणको प्राविधिक विषयका रूपमा होइन, न्यायको विषयका रूपमा पनि हेर्नुपर्ने आवश्यकता बढेको हो ।

## जलवायु परिवर्तनबाट जलवायु न्यायतर्फ

जलवायु परिवर्तनको सबैभन्दा महत्त्वपूर्ण पक्ष यसको असमानता हो । सबै देश र समुदायले जलवायु परिवर्तनमा समान योगदान गरेका छैनन् र यसको असर पनि सबैले समानरूपमा भोगिरहेका छैनन् । ऐतिहासिकरूपमा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने औद्योगिक तथा विकसित मुलुकको तुलनामा नेपालजस्ता न्यून उत्सर्जन गर्ने देशले जलवायु परिवर्तनको असमानरूपमा ठूलो असर व्यहोर्नुपरेको छ । हिमाली क्षेत्रमा हिमनदी पग्लनु, हिमताल विस्फोटको जोखिम, अनियमित वर्षा, बाढी, पहिरो, खडेरी तथा कृषि उत्पादनमा आउने परिवर्तनले स्थानीय समुदाय र जोखिममा रहेका वर्गलाई प्रत्यक्ष प्रभावित गरिरहेका छन् ।

जलवायु न्यायको प्रश्न केवल 'उत्सर्जन कसरी घटाउने ?' भन्ने प्रश्न होइन । यसको अर्को महत्त्वपूर्ण प्रश्न हो- जसले बढी उत्सर्जन गरे, उनीहरूले बढी जिम्मेवारी कसरी वहन गर्ने र जसले कम योगदान गरे तर बढी क्षति व्यहोरे, उनीहरूलाई वित्त, प्रविधि, क्षमता र आवश्यक सहयोग कसरी उपलब्ध गराउने भन्ने विषय प्राथमिक हो । यही सन्दर्भमा साझा तर विभेदित जिम्मेवारी, समानता, अन्तरपुस्तीय न्याय, क्षति तथा नोक्सानीको सम्बोधन, जलवायु वित्तमा पहुँच र प्रविधि हस्तान्तरण महत्त्वपूर्ण हुन्छन् । जलवायु परिवर्तनका कारण भएको क्षति तथा नोक्सानीलाई अन्तर्राष्ट्रियरूपमा स्वीकार गर्दै वित्तीय संयन्त्र विकास हुनु सकारात्मक कदम भए पनि त्यसको प्रभावकारी कार्यान्वयन र पर्याप्त स्रोत परिचालन अझै आवश्यक छ ।

नेपालको सन्दर्भमा जलवायु न्यायको अर्थ हिमाल, पहाड र तराईका फरक-फरक जोखिमलाई सम्बोधन गर्नुमात्र होइन; जलवायु नीति र कार्यक्रमलाई कृषि, ऊर्जा, वन, पर्यटन, स्वास्थ्य, पूर्वाधार, वित्तीय प्रणाली, संघीय शासन र स्थानीय विकाससँग जोड्नु पनि हो । महिला, युवा, किसान, विपन्न समुदाय, आदिवासी जनजाति तथा प्राकृतिक स्रोतमा निर्भर समुदायको आवाज र सहभागितालाई जलवायु शासनको केन्द्रमा राख्नु आवश्यक छ । जलवायु परिवर्तनविरुद्धको संघर्षलाई केवल 'हरित विकास' मा सीमित नराखी 'न्यायपूर्ण हरित विकास'मा रूपान्तरण गर्नुपर्ने आवश्यकता देखिन्छ । जलवायु नीतिको सफलता उत्सर्जन घटेको तथ्यांकबाट मात्र होइन, कति मानिस सुरक्षित भए, कति समुदायको जीवनयापन जोगियो र स्रोत तथा अवसरको वितरण कति न्यायपूर्ण भयो भन्ने आधारमा पनि मूल्यांकन हुनुपर्छ ।

## हिमाली संवेदनशीलता र स्थानीय शासन

नेपाल जलवायु परिवर्तनका दृष्टिले विशेष संवेदनशील मुलुक हो । हिमाल, पहाड र तराईमा जलवायु परिवर्तनका प्रभाव फरक-फरक रूपमा देखिन्छन् । हिमनदी र हिमतालसँग जोडिएका जोखिमदेखि पहाडी क्षेत्रमा पहिरो, पानीका मुहान सुक्ने समस्या तथा तराईमा बाढी र अत्यधिक गर्मीका घटनासम्म जलवायु परिवर्तनले जीवन र अर्थतन्त्रलाई प्रभावित गरिरहेको छ । हिमालयको महत्त्व नेपालमामात्र सीमित छैन; यसको पारिस्थितिक प्रणाली पानी, कृषि, ऊर्जा, जैविक विविधता र दक्षिण एसियाका करोडौं मानिसको जीवनसँग सम्बन्धित छ । यस्तो अवस्थामा जलवायु शासनलाई स्थानीय तहसम्म पुर्‍याउनु अपरिहार्य हुन्छ । सडक, खानेपानी, कृषि, वन, पर्यटन, स्वास्थ्य, बस्ती विकास र विपद् व्यवस्थापनजस्ता क्षेत्र स्थानीय सरकारका दैनिक कार्यक्षेत्रसँग प्रत्यक्ष सम्बन्धित छन् ।

जलवायु जोखिमलाई स्थानीय विकास योजनामा समेट्न नसक्दा विकासका लागि गरिएको लगानी स्वयं जोखिममा पर्न सक्छ । त्यसैले स्थानीय तहका योजना निर्माणमा जलवायु जोखिम मूल्यांकन, अनुकूलन क्षमता, विपद् जोखिम न्यूनीकरण र वातावरणीय दिगोपनलाई अभिन्न अंग बनाउन आवश्यक छ । यही व्यापक पृष्ठभूमिमा नेपालको मुस्ताङस्थित घरपझोङ गाउँपालिकामा सम्पन्न घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३ विशेष महत्त्वको पहलका रूपमा देखापरेको छ ।

## घरपझोङ सम्मेलन: स्थानीय आवाजको राष्ट्रिय अभिव्यक्ति

गत भदौ ३० र ३१ मा मुस्ताङको घरपझोङमा सम्पन्न दुईदिने सम्मेलनले जलवायु परिवर्तनलाई वातावरणीय विषयमा मात्र सीमित नराखी विकास, आर्थिक समृद्धि, सामाजिक न्याय र मानवअधिकारसँग जोडिएको बहुआयामिक विषयका रूपमा प्रस्तुत गरेको छ । कालीगण्डकीको तट र हिमाली भूभागको परिवेशमा सम्पन्न सम्मेलनको विशेष महत्त्व यसको भौगोलिक अवस्थितिमात्र होइन, देशभरका स्थानीय सरकारलाई जलवायु परिवर्तनको साझा मुद्दामा एउटै मञ्चमा ल्याउने प्रयासमा पनि रहेको छ ।

सम्मेलनमा ४३१ स्थानीय तह तथा ४१ जिल्ला समन्वय समितिका प्रतिनिधि सहभागी भएको तथ्यले यसको राष्ट्रिय आयाम देखाउँछ । प्रारम्भिक तयारीमा देशका ७५३ वटै स्थानीय तहलाई सहभागिताका लागि आह्वान गरिएको थियो । यसले जलवायु परिवर्तन अब संघीय सरकार वा वातावरणविद्हरूको मात्र विषय नभई नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहेका स्थानीय सरकारको पनि जिम्मेवारीको विषय बनिसकेको संकेत गर्दछ । सम्मेलनको केन्द्रमा जलवायु न्याय रहेको थियो ।

नेपालले विश्वव्यापी उत्सर्जनमा न्यून योगदान गरे पनि हिमाली संवेदनशीलताका कारण ठूलो जोखिम व्यहोर्नुपरेको विषय सम्मेलनमा उठाइएको थियो । हिमनदी पग्लिने क्रम, हिमताल फुट्ने जोखिम, अनियमित हिमपात, हिमपहिरो, सुक्खा पहिरो, पानीका मुहान तथा सिँचाइमा देखिएका समस्या र त्यसको कृषि, पशुपालन तथा पर्यटनमा परेको प्रभावबारे छलफल गरिएको थियो । यस सम्मेलनले जलवायु परिवर्तनको बहसलाई विश्वव्यापी तापक्रम, कार्बन उत्सर्जन र अन्तर्राष्ट्रिय प्रतिबद्धताबाट उठाएर स्थानीय जीवन, स्थानीय अर्थतन्त्र र स्थानीय शासनसँग जोड्ने प्रयास गरेको छ ।

## हिमाली एजेण्डा र जलवायु कूटनीति

घरपझोङ सम्मेलनको अर्को महत्त्वपूर्ण पक्ष नेपालको हिमाली मुद्दालाई राष्ट्रियमात्र नभई अन्तर्राष्ट्रिय जलवायु एजेण्डासँग जोड्नु हो । हिमालयमा भइरहेको परिवर्तनको प्रभाव नेपालका सीमाभन्दा बाहिरसम्म पुग्ने भएकाले हिमालय संरक्षणलाई विश्वव्यापी जलवायु उत्तरदायित्वको विषयका रूपमा प्रस्तुत गर्नुपर्ने आवश्यकता छ । नेपालले अन्तर्राष्ट्रिय जलवायु मञ्चमा आफ्नो न्यून उत्सर्जन र उच्च जोखिमको अवस्थालाई प्रभावकारी रूपमा प्रस्तुत गर्दै माउन्टेन एजेण्डा र जलवायु न्यायका विषयलाई सशक्त बनाउनुपर्ने आवश्यकता सम्मेलनले औंल्याएको छ । जलवायु कूटनीतिलाई विकास सहायता वा वित्त प्राप्त गर्ने प्रयासमामात्र सीमित नगरी हिमाली पारिस्थितिक प्रणालीको संरक्षण र प्रभावित समुदायको अधिकारसँग जोड्नु आवश्यक देखिन्छ ।

## घरपझोङ घोषणापत्र

सम्मेलनको महत्त्वपूर्ण उपलब्धिका रूपमा ४९ बुँदे घरपझोङ घोषणापत्र, २०८३ जारी गरिएको छ । घोषणापत्रले जलवायु संकटलाई वातावरणीय विषयमा मात्र सीमित नराखी राष्ट्रिय विकास, आर्थिक समृद्धि, सामाजिक न्याय र मानवअधिकारसँग जोडिएको बहुआयामिक संकटका रूपमा स्वीकार गरेको छ । जलवायु अनुकूल योजना, सुरक्षित बस्ती विकास, जलवायु-सहिष्णु कृषि, प्राकृतिक स्रोत संरक्षण, पानीका मुहान तथा हिमनदी संरक्षण, फोहोर व्यवस्थापन र जोखिम न्यूनीकरणलाई प्राथमिकता दिने प्रतिबद्धता यसमा समेटिएको छ ।

घोषणापत्रले समावेशी जलवायु शासनलाई पनि महत्त्व दिएको छ । महिला, युवा, आदिवासी जनजाति तथा सीमान्तकृत समुदायलाई नीति तथा निर्णय प्रक्रियामा अर्थपूर्णरूपमा सहभागी गराउने प्रतिबद्धता व्यक्त गरिएको छ । जलवायु परिवर्तनको असर सबै समुदायमा समान नहुने भएकाले जोखिममा रहेका समुदायको अनुभव, आवश्यकता र स्थानीय ज्ञानलाई नीति निर्माणको आधार बनाउनु आवश्यक हुन्छ । यसैसँग परम्परागत ज्ञान र आधुनिक विज्ञानबीचको समन्वय पनि महत्त्वपूर्ण छ । हिमाली तथा ग्रामीण समुदायले पुस्तौंदेखि पानीका मुहान संरक्षण, स्थानीय बीउ, पशुपालन, प्राकृतिक स्रोत व्यवस्थापन र मौसमसम्बन्धी स्थानीय ज्ञान प्रयोग गर्दै आएका छन् । आधुनिक जलवायु विज्ञान, पूर्वचेतावनी प्रणाली र प्रविधिसँग यस्तो ज्ञानलाई जोड्न सकेमा जलवायु अनुकूलन अझ प्रभावकारी बन्न सक्छ ।

## स्थानीय सरकार र जलवायु वित्त

संघीय शासन प्रणालीमा नागरिकसँग सबैभन्दा नजिक रहेको सरकार स्थानीय तह हो । जलवायु परिवर्तनको वास्तविक प्रभाव पनि स्थानीय बस्ती, खेत, सडक, पानीका मुहान, विद्यालय, स्वास्थ्य संस्था र स्थानीय अर्थतन्त्रमा देखिन्छ । स्थानीय सरकारलाई जलवायु परिवर्तनको कार्यन्वयनकर्तामात्र होइन, नीति निर्माणको साझेदारका रूपमा स्थापित गर्न आवश्यक छ तर जिम्मेवारीसँगै स्रोत र क्षमता पनि आवश्यक हुन्छ । स्थानीय तहलाई पर्याप्त वित्तीय स्रोत, प्राविधिक जनशक्ति, सूचना, प्रविधि र संस्थागत क्षमता उपलब्ध गराउनुपर्छ ।

यसै सन्दर्भमा जलवायु वित्तमा स्थानीय पहुँच अत्यन्त महत्त्वपूर्ण विषय हो । अन्तर्राष्ट्रिय जलवायु वित्त स्थानीय तहसम्म प्रभावकारी रूपमा पुग्न नसकेमा वास्तविक जोखिममा रहेका समुदायले अपेक्षित लाभ पाउन सक्दैनन् । स्थानीय जोखिम, भौगोलिक संवेदनशीलता, जनसंख्या र सामाजिक अवस्थालाई आधार बनाएर जलवायु वित्तको वितरण गर्नु आवश्यक देखिन्छ । जलवायु वित्तलाई स्थानीय तहका आवधिक योजना र वार्षिक बजेट प्रणालीसँग जोड्न सकिएमा जलवायु अनुकूलन कार्यक्रमलाई परिणाममुखी बनाउन सकिन्छ । प्रत्येक स्थानीय तहले आफ्नो स्थानीय जलवायु जोखिम नक्सा तयार गरी जोखिममा रहेका बस्ती, पानीका मुहान, कृषि प्रणाली, पूर्वाधार तथा बढी प्रभावित हुनसक्ने समुदाय पहिचान गर्न सक्छ । यसले जलवायु परिवर्तनको बहसलाई नाराबाट तथ्यमा आधारित र परिणाममुखी शासनतर्फ लैजान सक्छ ।

## घोषणापत्रको कार्यान्वयनमा प्रतिबद्धता आवश्यक

कुनै पनि सम्मेलनको वास्तविक सफलता घोषणापत्र जारी हुनुमामात्र निर्भर हुँदैन । घोषणापत्रको कार्यान्वयन नै यसको वास्तविक परीक्षा हो । ४९ बुँदे प्रतिबद्धता स्थानीय, प्रदेश र संघीय सरकारका नीति तथा कार्यक्रमसँग कसरी जोडिन्छ, त्यसका लागि आवश्यक स्रोत कहाँबाट जुटाइन्छ, कार्यान्वयनको अनुगमन कसरी हुन्छ र प्राप्त उपलब्धिको मापन कसरी गरिन्छ भन्ने विषय निर्णायक हुने छन् । यसका लागि घरपझोङ घोषणापत्रलाई राष्ट्रिय जलवायु नीति, राष्ट्रिय अनुकूलन योजना तथा स्थानीय तहका आवधिक योजना र वार्षिक बजेटसँग जोड्न आवश्यक छ ।

स्थानीय तहका योजना बनाउँदा जलवायु जोखिमलाई छुट्टै वातावरणीय कार्यक्रमका रूपमामात्र नभई कृषि, खानेपानी, सडक, स्वास्थ्य, पर्यटन, बस्ती विकास, विपद् व्यवस्थापन र स्थानीय आर्थिक विकासका सबै क्षेत्रमा मूलप्रवाहीकरण गर्नुपर्छ । सम्मेलनले 'स्थानीय सरकार जलवायु पार्क' स्थापना गर्ने घोषणा गर्नुका साथै प्रत्येक दुई वर्षमा राष्ट्रियस्तरको जलवायु सम्मेलन आयोजना गरी संवाद र सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता पनि व्यक्त गरेको छ । यी पहलहरूलाई ज्ञान, अनुभव, प्रविधि र असल अभ्यास आदानप्रदान गर्ने संस्थागत मञ्चका रूपमा विकास गर्न सकिएमा यसको दीर्घकालीन उपयोगिता अझ बढ्न सक्छ ।

यस सम्मेलनको मूल सन्देश यही हो कि जलवायु परिवर्तनको समाधान केन्द्रबाट मात्र आउँदैन; यसको समाधान स्थानीय समुदायबाट पनि निर्माण हुनुपर्छ । हिमालको समस्या हिमालमै सीमित छैन र तराईको बाढी तराईमै सीमित छैन । जलवायु परिवर्तनले हिमाल, पहाड र तराईलाई फरक-फरक रूपमा प्रभावित गरिरहेको छ । त्यसैले स्थानीय अनुभव, ज्ञान, आवश्यकता र नवप्रवर्तनलाई राष्ट्रिय जलवायु रणनीतिको अभिन्न हिस्सा बनाउनुपर्छ ।

जलवायु परिवर्तनका क्षेत्रमा विश्वले महत्त्वपूर्ण प्रयास र केही उपलब्धि हासिल गरेको भए पनि चुनौती अझ गम्भीर छ । त्यसैले अबको जलवायु नीति उत्सर्जन घटाउने विषयमामात्र केन्द्रित हुनु पर्याप्त हुँदैन । कसले बढी योगदान गर्‍यो, कसले बढी क्षति व्यहोर्‍यो, स्रोत कसरी न्यायपूर्णरूपमा वितरण हुन्छ र भावी पुस्ताको अधिकार कसरी सुरक्षित हुन्छ भन्ने प्रश्नलाई पनि केन्द्रमा राख्नुपर्छ । नेपालका लागि जलवायु संकट चुनौतीमात्र होइन, विकासको नयाँ बाटो रोज्ने अवसर पनि हो । हरित ऊर्जा, जलवायु-सहिष्णु कृषि, वातावरणमैत्री पर्यटन, वन तथा जलाधार संरक्षण, हरित रोजगारी र स्थानीय नवप्रवर्तनमार्फत जलवायुअनुकूल अर्थतन्त्र निर्माण गर्न सकिन्छ तर यस्तो विकासको लाभ र लागत न्यायपूर्णरूपमा वितरण हुनुपर्छ ।

यस अर्थमा घरपझोङ सम्मेलनलाई नेपालको जलवायु शासनमा स्थानीय आवाजलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जलवायु एजेण्डासँग जोड्ने महत्त्वपूर्ण प्रयासका रूपमा लिन सकिन्छ । यसको वास्तविक महत्त्व सम्मेलन सम्पन्न भएको घटनामा होइन, यसले उठाएका सवाल कति गहिरोसँग नीति, योजना, बजेट, संस्था र व्यवहारमा रूपान्तरण हुन्छन् भन्ने कुरामा निर्भर हुने छ । घरपझोङको ४९ बुँदे प्रतिबद्धता स्थानीय तहको योजना र बजेटमा, स्थानीय जलवायु जोखिमको नक्सामा, जलवायु वित्तको न्यायपूर्ण पहुँचमा, हिमाली एजेण्डाको अन्तर्राष्ट्रिय पैरवीमा र नागरिकको दैनिक जीवनमा रूपान्तरण हुन सक्यो भने घरपझोङ एउटा सम्मेलनस्थलको नाममा सीमित रहने छैन । त्यो जलवायु न्याय, स्थानीय शासन र हिमाली आवाजलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याउने प्रतीक बन्नसक्छ ।

जलवायु परिवर्तनविरुद्धको हाम्रो यात्रा केवल पृथ्वीको तापक्रम घटाउने यात्रा होइन; यो मानव जीवन सुरक्षित गर्ने, प्रकृति जोगाउने, विकासलाई न्यायपूर्ण बनाउने र भावी पुस्ताप्रति हाम्रो दायित्व पूरा गर्ने यात्रा हो । यही यात्रामा घरपझोङको आवाजले स्थानीय अनुभवलाई राष्ट्रिय संकल्प र राष्ट्रिय संकल्पलाई विश्वव्यापी जलवायु न्यायसँग जोड्ने सेतुको भूमिका निर्वाह गर्नसक्छ ।

*(लेखक नेपाल सरकारका पूर्वसचिव हुन्)*

# मध्यपहाडी लोकमार्ग अवरुद्ध हुँदा सर्वसाधारणलाई सास्ती



**गण्डकी–** बागलुङको गलकोट नगरपालिका-१ दुदिलाभाटीकी छममाया बुढाथोकीलाई नियमित स्वास्थ्य परीक्षणका लागि आइतबार पोखरास्थित मणिपाल शिक्षण अस्पताल आइपुग्नुपर्ने थियो । सोही दिनदेखि बागलुङ र पर्वतका ठाउँठाउँमा पहिरो तथा नदी कटानका कारण मध्यपहाडी पुष्पलाल लोकमार्ग अवरुद्ध भएपछि उनी समयमा अस्पताल पुग्न सकिनन् ।

बागलुङ खण्डको सडक सञ्चालनमा आएपछि मंगलबार बिहान सदरमुकामसम्म आएकी बुढाथोकीलाई पर्वत हुँदै पोखरा आइपुग्न अर्को सास्ती व्यहोर्नुऱ्यो । बागलुङ बजारबाट झोलुंगे पुल तरेर पर्वतको अदुवाबारी हुँदै पाङसम्म करिब ४५ मिनेट हिँडेपछि मात्र उनले पोखराका लागि गाडी भेट्टाइन् । बागलुङ र पर्वतको सीमा मालढुंगामा कालीगण्डकी नदीमाथिको पुल भत्किएपछि यात्रुहरू कठिनाइ सहँदै वैकल्पिक सडक प्रयोग गर्न बाध्य भएका छन् ।

मालढुंगाको पुलसँगै पर्वतको कुश्मा नगरपालिका-२ नयाँपुलमा कालीगण्डकी नदीले १०० मिटरभन्दा बढी सडक कटान गरेपछि मध्यपहाडी लोकमार्ग भएर बागलुङ, पोखराहुँदै बाहिरी गन्तव्यमा जाने यातायात सेवा प्रभावित बनेको छ । लुम्बिनी र कर्णाली प्रदेशका पहाडी जिल्लाबाट लोकमार्ग हुँदै काठमाडौंका लागि छुट्ने यातायातका साधन पनि सञ्चालनमा आउन सकेका छैनन् ।

मध्यपहाडका अधिकांश जिल्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने लोकमार्ग अवरुद्ध हुँदा बिरामी र अशक्त झनै अप्ठ्यारोमा परेका छन् । बिरामी लिएर पोखरा आएका बागलुङको काठेखोला गाउँपालिका-३ धम्जाका प्रेम श्रीसले मालढुंगाको पुल छिटो पुनर्निर्माण गर्नुपर्ने बताए ।

'बागलुङ जोड्ने मुख्य सडक र पुलमा क्षति पुगेकाले आवातजावत र ढुवानीमा ठूलो समस्या देखिएको छ,' उनले भने, 'राष्ट्रिय गौरवको आयोजना भएकाले सरकारले जतिसक्दो चाँडो लोकमार्ग सञ्चालनमा ल्याउनुपर्छ ।'

धवलागिरि-गण्डकी यातायात सेवा प्रालिका अध्यक्ष उमेश केसीले वैकल्पिक सडक प्रयोग गरेर मुस्किलले साना सवारीसाधन मात्र सञ्चालन भइरहेको बताए । 'बस सञ्चालन गर्न सक्ने अवस्था छैन, सबैभन्दा समस्या बिरामीलाई परेको छ,' उनले भने, 'आज (मंगलबार) बिहानमात्रै बागलुङबाट बिरामीलाई हेलिकप्टरबाट उद्धार गर्नुपर्ने अवस्था आयो ।' उनले लोकमार्गमा क्षति पुगेका सडक-पुलको पुनर्निर्माणमा सरकारले तदारुकता देखाउनुपर्ने बताए ।

बागलुङबाट पोखरालगायत गन्तव्यमा छुट्ने साना सवारीसाधन कालीगण्डकी करिडोर भएर ज्यामिरेघाट-फलेवास हुँदै झण्डै एक घण्टाको फेरो बाटोबाट लोकमार्गमा निस्कने गरेका छन् । बागलुङ-पोखरा चल्ने विद्युतीय माइक्रोबसले बागलुङ बजारबाट हिँडेर पर्वतको पाङसम्म आइपुगेका यात्रुलाई अर्मादी हुँदै पोखरा ल्याउन वैकल्पिक सडक प्रयोग गरिरहेको माइक्रोका चालक सुवास परियारले बताए ।

'मालढुंगाको पुल नै भत्केपछि ठूलो समस्या भएको छ, यो पुल छिटो बनाउन सरकारले विशेष ध्यान दिनुपर्ने जरुरी छ,' उनले भने, 'चाडपर्वको बेला छ, यो बेला हामीले पनि धेरै यात्रुलाई सेवा दिने समय हो, तर सडक अवरुद्ध हुँदा समस्या भइरहेको छ ।' कालीगण्डकी करिडोरबाट फलेबास हुँदै आउने सडक पनि वर्षाले क्षति पुऱ्याएका कारण यात्रा सहज नरहेको उनको भनाइ छ ।

पर्वतका प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीले नयाँपुलमा सडक कटान गरेको ठाउँमा अस्थायीरूपमा नयाँ मार्ग खोल्ने काम सुरु भइसकेको बताए । एक-दुई दिनमा एकतर्फीरूपमा यातायात सञ्चालन गर्ने गरी काम भइरहेको उनको भनाइ छ । मालढुंगाको पुलमा क्षतिग्रस्त भएको ठाउँमा 'बेलीब्रिज' राख्ने कि अन्य प्रविधिबाट पुनर्निर्माण गर्ने भन्ने विषय यकिन भइनसकेको प्रजिअ क्षेत्रीले बताए । *रासस*

# रसुवाका १३ वटा बालमैत्री केन्द्रमा ४६२ बालबालिका आश्रित



**रसुवा–** विपद्का कारण प्रभावित बालबालिकाको संरक्षण र मनोसामाजिक विकासका लागि जिल्लाका विभिन्न स्थानमा १३ वटा बालमैत्री केन्द्र स्थापना गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटीले युनिसेफको सहयोगमा ती केन्द्र स्थापना र सहजीकरण गरेको हो । भोटेकोशी बाढीबाट उत्पन्न विपद्को अवस्थालाई मध्यनजर गर्दै प्रभावित बालबालिकालाई सुरक्षित, सहज र बालमैत्री वातावरण उपलब्ध गराउने उद्देश्यले ती केन्द्र सञ्चालनमा ल्याइएका हुन् । हालसम्म स्थापना गरिएका केन्द्रमध्ये नौ वटा केन्द्र पूर्णरूपमा सञ्चालनमा आइसकेका छन् भने बाँकी चार वटा सञ्चालनको क्रममा छन् । हाल सञ्चालनमा रहेका केन्द्रमा ४६२ जना बालबालिकाले आश्रय पाएका छन् ।

केन्द्रमा आउने बालबालिकाको उमेर र आवश्यकताअनुसार खेलकुद, मनोरञ्जन, सिकाइ, सिर्जनात्मक, मनोसामाजिक सहयोगसम्बन्धी गतिविधि सञ्चालित छन् । केन्द्रले बालबालिकालाई विपद्पछिको परिस्थितिमा सुरक्षित र सकारात्मक वातावरणमा आफ्ना भावना व्यक्त गर्न, साथीसँग घुलमिल हुन र रचनात्मक कार्यमा सहभागी हुन ठूलो अवसर प्रदान गरेको छ । हाल ती केन्द्रमा २१९ जना बालक र २४३ जना बालिका छन् । उमेर समूहका आधारमा पाँच वर्षभन्दा कम उमेरका ८८ जना र पाँच वर्ष उमेर समूहभन्दा माथिका ३७४ जना छन् । केन्द्रमा सहभागी बालबालिकामध्ये एक जना अपांगता भएका रहेको नेपाल रेडक्रस सोसाइटी रसुवा शाखाले जनाएको छ । *रासस*


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६३/१२/०२ मा दर्ता भएको **अल्ट्रा टेक सेन्टर प्राइभेट (प्रा.लि. नं. ४४७३४)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**हकदावीको सूचना**

लुम्विनी प्रदेश, कपिलवस्तु जिल्ला, कृष्णनगर न.पा. वडा नं. ३ बस्ने गोलीको नाती, रहमत अलीको छोरा, मुस्तफाको मिति २०८३।०४।१६ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. ०३४०५०८०२५०४७४ मा भएको सम्पुर्ण रकम निजको कान्छा छोरा मोहम्मद हुसेन हलवाई सबैभन्दा नजिकको हकवालाको हैसियतले आफुलाई उपलब्ध गराई पाउँ भनी आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुत प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
**शाखा कार्यालय, कृष्णनगर, कपिलवस्तु**
**फोन नं.: ०७६-५२०७६४**



**हिमाल डेन्टल हस्पिटल एण्ड इन्स्टिच्युट अफ डेन्टल साईन्स लिमिटेड**

**प्रथम बार्षिक साधारण सभाको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/१४ गते**

**श्री शेयरधनी महानुभाव ज्यूहरू,**
मिति २०८३/०६/१२ गतेमा बसेको यस कम्पनीको संचालक समितिको बैंठकको निर्णय अनुसार यस कम्पनीको प्रथम बार्षिक साधारण सभा निम्न लिखित मिति स्थान र समयमा देहायका बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रेषित गरिएको छ ।

**मिति** : २०८३/०७/०३
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, का.जि.का.म.न.पा. वडा नं. ७ चावहिल
**समय** : दिउँसो २ बजे

**देहाय :**

**(क) साधारण प्रस्ताव :**
१. संचालक समितिको आ.व. ०८२/०८३ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. कम्पनीको आ.ब. ०८२/०८३ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.ब. ०८३/०८४ को लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संचालक समितिले आ.व. २०८२/०८३ मा गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
५. कम्पनीको प्रवन्धपत्र एवं नियमावली बमोजिम संचालक समितिको गठन गर्ने सम्बन्धमा ।
६. कम्पनीको नियमावलीमा संसोधन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
७. विविध ।

**(ख) विशेष प्रस्ताव :**
१. प्रारम्भिक सार्वजनिक निस्काशन (IPO) सम्बन्धमा गर्नु पर्ने कार्यहरु तथा साधारण सभाबाट भएको निर्णय कार्यान्वयनको लागि आवश्यक कुनै थप निर्णय वा कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
२. पूँजी निष्कासन र प्रत्याभूति गर्ने सम्बन्धमा ।

वार्षिक साधारण सभा सम्बन्धि अन्य कुनै जानकारी आवश्यक भएमा कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनि सचिव**



**साइप्रसमा रोजगार** — कम्पनी : ATLAS EMPLOYMENT.I.LTD

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/१३ | LT. No. 343260 | चलानी नं. ६०२५६५९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 5 | 3 | 425 | ७४,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | DOMESTIC WORKER | 0 | 10 | 400 | ६९,६८१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज २१ गते (7th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६९/०८०/०८१
**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
Kathmandu Metropolitan City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456



**मलेसियामा रोजगार** — कम्पनी : Fantastic Crop Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८३/०६/१३ | LT. No. 348472 | चलानी नं. ६०२६१८४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture (Vegetable / Fruit / Paddy Farm Workers) | 50 | 0 | 1700 | ६३,९७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २१ गते (7th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Rays H.R. Solution Pvt. Ltd.**
Maharajgunj-4, Ganeshbasti, Kathmandu, Nepal, Tel: 01- 4535444
Email : rayshrsolution526@gmail.com, Web: www.frayshrsolution.com.np
Govt. Lic. No 1756/081/82



**युएइमा रोजगार** — कम्पनी : E M G SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ | पूर्व स्वीकृति मिति : २०८३/०६/१३ | LT. No. 328199 | चलानी नं. ६०२४२०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 9 | 0 | 1200 | ५०,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security | 8 | 0 | 1700 | ७१,०९५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २१ गते (7th Oct. 2026) मा हुनेछ ।

|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard (ASSD) | 150 | 0 | 2000 | ८३,६४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard - SIRA | 50 | 0 | 1200 | ५०,१८४ | | | | | | | |

कम्पनी : HABAT AL MARJAAN TECHNICAL & CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०८/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/१३ LT. No. 335086 चलानी नं. ६०२४८७६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 1 | 0 | 1000 | ४१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज २१ गते (7th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


INTERPID RECRUITMENT SERVICES PVT. LTD
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com
INTREPID LEARN ADAPT EVOLVE

**मलेसियामा रोजगार** कम्पनी : NBRAND SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ LT. No. 348630 चलानी नं. ६०२६१७५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A COOK | 3 | 0 | 1700 | ६३,९४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : NBRAND SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ LT. No. 348631 चलानी नं. ६०२६१७५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew/Male | 3 | 0 | 1700 | ६३,९४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २१ गते (7th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Sansar International Services Pvt. Ltd.
श्रम इजाजत नं. ८९८/०६७/०६८
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Man bir Khatri 9849548340

**युएइ/कतारमा रोजगार** कम्पनी : AL AHD GENERAL CONTRACTING & MAINT. LLC.

पूर्व स्वीकृति मिति : २०८३/०६/१३ LT. No.348644 चलानी नं.६०२६१८२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tile Layer Worker | 5 | 0 | 2000 | ८३,६०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | House-Builder | 3 | 0 | 1500 | ६२,७०४ | | | | | | | |
| 3 | Civil Engineers | 4 | 0 | 6000 | २,५०,८१९ | | | | | | | |
| 4 | Joiner | 4 | 0 | 1500 | ६२,७०४ | | | | | | | |
| 5 | Assistant Accountant | 2 | 0 | 6000 | २,५०,८१९ | | | | | | | |
| 6 | Carpentry Work Supervisior | 1 | 0 | 6000 | २,५०,८१९ | | | | | | | |

कम्पनी : Convert For Engineering And Trading

पूर्व स्वीकृति मिति : २०८३/०६/१३ LT. No.348624 चलानी नं६०२६१८२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Keeper | 4 | 0 | 1500 | ६३,१६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Service Agent | 4 | 0 | 2000 | ८४,२१८ | | | | | | | |
| 3 | Material Handler | 70 | 0 | 1000 | ४२,१०९ | | | | | | | |
| 4 | Building Cleaner | 15 | 0 | 1000 | ४२,१०९ | | | | | | | |
| 5 | Iron Worker | 20 | 0 | 1200 | ५०,५३१ | | | | | | | |
| 6 | Assistant Pourer,Metalcastings | 22 | 0 | 1500 | ६३,१६३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज २१ गते (7th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु। २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Sunlight Overseas Recruiting Manpower Pvt.Ltd
Kareshwor Marge- 31, Kathmandu, Nepal, Tel: +977 01 4533357, Mob: 9819803981, 9818958025
E-mail : info@sunlightmanpower.com, Web: www.sunlightmanpower.com



क्यानडाको ओन्टारियोस्थित ओकभिलमा 'वर्ल्ड अफ थ्रेड्स फेस्टिभल २०२६' मा प्रदर्शनीमा राखिएका कलाकृतिहरूको भिडियो खिच्दै एक आगन्तुक।
*तस्बिरः सिन्हुवा*

# क्यानाडाली उत्पादनमा अमेरिकी प्रतिबन्ध

**वासिङ्टन–** अमेरिका र क्यानाडाबीच बढ्दो व्यापार तनावबीच क्यानाडाबाट आयात हुने मदिरासहित विभिन्न उत्पादनमा अमेरिकाले मंगलबारदेखि नयाँ प्रतिबन्ध लागू गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस महिनाको सुरुमा प्रतिबन्ध घोषणा गरेका थिए ।

प्रतिबन्धमा बियर, स्पार्कलिङ वाइन, ब्राण्डी, सेक तथा अन्य मदिरासहित दुग्धजन्य मट्ठा प्रोटिन र उच्च क्षमताका मोटरसाइकलसमेत परेका छन् । सेप्टेम्बर ८ मा क्यानाडाले अमेरिकी निर्यातमा करिब २० अर्ब अमेरिकी डलर बराबरको प्रतिशुल्क लगाएपछि अमेरिकाले पछिल्लो कदम चालेको हो ।




राष्ट्रपति ट्रम्पले क्यानाडाली मदिरामाथिको प्रतिबन्धलाई अमेरिकी उत्पादनमाथि क्यानाडाले गरेको 'भेदभावपूर्ण' व्यवहारको जवाफ बताएका छन् । अगस्टमा वासिङ्टनमा व्यापारिक संकट समाधानका लागि भएको वार्ता असफल भएपछि दुई देशबीचको तनाव थप बढेको हो ।

क्यानाडाको करिब ६० प्रतिशत आयात अमेरिकाबाट हुने गरेको छ भने करिब ७० प्रतिशत निर्यात अमेरिकी बजारमा जाने गरेको छ । क्यानाडा सरकारले व्यवसायी तथा कामदारलाई सहयोग गर्न पाँच अर्ब ४० करोड अमेरिकी डलरको आर्थिक प्याकेज सार्वजनिक गरेको छ ।

स्पिरिट्स क्यानाडाका अनुसार अमेरिका क्यानाडाली मदिराको प्रमुख निर्यात बजार हो र क्यानाडाको स्पिरिट उत्पादनको करिब ५० प्रतिशत अमेरिकी मागमा निर्भर छ । प्रतिबन्धका कारण क्यानाडाली उत्पादकलाई तत्काल अमेरिकी बजारमा गुमेको माग अन्यत्रबाट पूर्ति गर्न सीमित अवसरमात्र रहने संगठनले जनाएको छ । *रासस/एएफपी*

# बहुपक्षवादप्रति बढ्दो अविश्वास

**न्युयोर्क–** संयुक्त राष्ट्रसंघको महासभामा विश्वका नेताहरूले बहुपक्षीय सहकार्य र विश्व संस्थाप्रतिको विश्वास पुनःस्थापनाको आवश्यकता औंल्याए पनि संयुक्त राष्ट्रसंघले विश्वका गम्भीर समस्या समाधानमा अपेक्षित भूमिका खेल्न नसकेको धारणा व्यक्त गरेका छन् । सोमबार सम्पन्न महासभाको उच्चस्तरीय बैठकमा १५० भन्दा बढी राष्ट्रका नेताहरू तथा प्रतिनिधिहरूले सम्बोधन गरेका थिए ।



एल साल्भाडोरका विदेशमन्त्री अलेक्जाण्ड्रा हिल टिनोकोले संयुक्त राष्ट्रसंघ अझै सान्दर्भिक छ कि छैन भन्ने प्रश्न उठाएका थिए । दोस्रो विश्वयुद्धपछि त्यस्ता विनाशकारी द्वन्द्व रोक्ने उद्देश्यले स्थापना भएको संस्थाको प्रभावकारितामाथि विश्वव्यापी चुनौती बढिरहेका बेला प्रश्न उठेको हो ।

संयुक्त राष्ट्रसंघको केन्द्रमा रहेको 'बहुपक्षवाद' अर्थात् विभिन्न देशले सहकार्य र साझा शक्तिमार्फत सीमा नाघेका समस्या समाधान गर्ने अवधारणालाई अधिकांश नेताहरूले समर्थन गरेका छन् । तर महामारी, जलवायु परिवर्तन र कृत्रिम बौद्धिकता (एआई) जस्ता नयाँ चुनौतीबीच दोस्रो विश्वयुद्धपछि बनेको शक्ति संरचना परिवर्तन हुन नसकेको भन्दै आलोचना भएको छ ।

सामोआका उपप्रधानमन्त्री मुलिपोला एनारोसा अले-मोलियोओले बहुपक्षवाद 'घेराबन्दीमा' परेको बताए । महासभाको यस वर्षको विषय 'विश्वास पुनःस्थापना' थियो । अल्जेरियाका विदेशमन्त्री अहमद अताफले संयुक्त राष्ट्रसंघलाई शक्तिको राजनीतिमा बन्धक बनेको संस्थाभन्दा साझा घरका रूपमा विकास गर्नुपर्ने बताए ।

महासभामा बहुपक्षवाद र राष्ट्रिय सार्वभौमिकताबीचको तनावसमेत देखिएको छ । विश्वव्यापी सहकार्यको आवश्यकता स्वीकार गर्दै विभिन्न राष्ट्रहरूले आफ्नो सार्वभौम अधिकारमा हस्तक्षेप स्वीकार नगर्ने धारणा राखेका थिए । लक्जमबर्गका राज्य प्रमुख ग्राण्ड ड्युक गुइलाउमले विश्व एकअर्कासँग पहिलेभन्दा बढी जोडिए पनि राष्ट्रहरूबीच विश्वासको कमी रहेको बताए ।

एआई, जलवायु परिवर्तनलगायत चुनौती एक्लै समाधान गर्न नसकिने भन्दै मोनाकोका राज्यमन्त्री क्रिस्टोफ मिर्मेण्डले राष्ट्रहरूले मात्र प्रगति गर्न नसक्ने बताए । यस वर्ष महासभामा एआईसम्बन्धी सहकार्य पनि प्रमुख विषय बनेको थियो ।

यसैबीच, साना टापु राष्ट्रहरूले विश्वका महत्त्वपूर्ण निर्णयमा आफूहरूको आवाज कमजोर रहेको भन्दै सुरक्षा परिषद्मा स्थायी प्रतिनिधित्वको माग गरेका छन् । सोलोमन टापुका प्रधानमन्त्री म्याथ्यू वेलले भिटो अधिकारलाई पुरानो व्यवस्थाको अवशेष भने । चिलीका राष्ट्रपति जोसे एन्टोनियो कास्टले सन् १९४५ मा स्थापित संरचनाका नियमअनुसार सन् २०२६ को विश्व चल्न नसक्ने बताए ।

१५ सदस्यीय सुरक्षा परिषद्मा अमेरिका, रुस, बेलायत, चीन र फ्रान्स स्थायी सदस्य छन् र उनीहरूसँग भिटो अधिकार छ । अफ्रिकी राष्ट्रहरूले पनि भिटो शक्तिसहित कम्तीमा दुई स्थायी सिटको माग गर्दै आएका छन् । कंगो गणतन्त्रका विदेशमन्त्री कन्स्टान्ट-सर्ज बाउण्डाले अफ्रिका आफ्नो भविष्य निर्धारण गर्ने निर्णयबाट बाहिर रहन नसक्ने बताए ।

महासभामा व्यक्त धारणाले संयुक्त राष्ट्रसंघप्रति समर्थनसँगै यसको कार्यक्षमताप्रतिको असन्तुष्टिसमेत देखाएको छ । अस्ट्रियाका युरोपेली तथा अन्तर्राष्ट्रिय मामिलामन्त्री बिट मेनल-रेइसिंगरले संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय समस्या छलफल गर्नमात्र नभई समाधान गर्न स्थापना भएको बताए । *रासस/एपी*

# अमेरिका-इरान सम्झौतामा अझै अवरोध

**कायरो–** इरान र अमेरिकाबीच आठौं महिनामा प्रवेश गरेको द्वन्द्व अन्त्य गर्दै हर्मुज जलघाँटी पुनःखोल्ने सम्झौता गराउन मध्यस्थकर्ताहरूले प्रयास तीव्र पारेका छन् । प्रस्तावित योजनाअनुसार पहिले जलघाँटी खोल्ने र अमेरिकी नाकाबन्दी हटाउने तथा त्यसपछि प्रतिबन्ध र आणविक विषयमा सहमति खोज्ने तयारी भए पनि दुई पक्षबीच प्रमुख मतभेद कायमै छन् ।

तीन क्षेत्रीय र दुई अमेरिकी अधिकारीका अनुसार मध्यस्थकर्ताहरूले दुवै पक्षसँग अप्रत्यक्ष वार्ता गरिरहेका छन् । छलफल भइरहेको मस्यौदाअनुसार इरानले ओमानसँग गर्ने छुट्टै समझदारीअन्तर्गत जलघाँटी पुनः खोलिने छ र व्यापारिक जहाज आवागमनलाई अस्थायीरूपमा व्यवस्थापन गरिने छ । यसअघि जलघाँटीमा सुरक्षित जहाज सञ्चालन गराउने प्रयास असफल भएका थिए ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले एक साताभित्र जलघाँटी खोल्ने प्रस्ताव सुरुमा अस्वीकार गरेका थिए । इरानले अमेरिकी बन्दरगाह नाकाबन्दी हटाउनुपर्ने, रोक्का सम्पत्ति फुकुवा गर्नुपर्ने र तेल बिक्रीमा लगाइएको प्रतिबन्धमा छुट दिनुपर्ने सर्त राखेको बताइएको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघची संयुक्त राष्ट्रसंघको महासभापछि पनि न्युयोर्कमै रहेका छन् । उनले कतारी मध्यस्थकर्तासँग पछिल्लो प्रस्तावबारे छलफल गर्ने बताइएको छ । उनले महासचिव एन्टोनियो गुटेरेससँग पनि भेट गरेका छन् । गुटेरेसको कार्यालयले कूटनीतिक प्रयासको स्वागत गर्दै दुवै पक्षलाई वार्तामा बस्न आग्रह गरेको जनाएको छ ।

अमेरिकी अधिकारीका अनुसार ट्रम्प प्रशासनले आणविक विषयमा ठोस प्रगति नभएसम्म सम्झौता गर्न चाहेको छैन । अमेरिकाले प्रतिबन्धमा राहत तथा केही रोक्का सम्पत्ति फुकुवा गर्न सक्ने भए पनि त्यसका लागि इरानबाट आणविक विषयमा रियायत चाहेको छ । इरानले पनि यस विषयमा लचिलो हुने संकेत दिएको बताइएको छ । अमेरिकाले आणविक निरीक्षकलाई इरान प्रवेश दिनेलगायतका रियायत खोजिरहेको क्षेत्रीय अधिकारीले बताएका छन् ।

अमेरिकी अधिकारीहरूले इरानले ट्रम्पका सर्त स्वीकार गर्नेमा शंका व्यक्त गरेका छन् । हर्मुजमा व्यावसायिक जहाजमाथि गोली प्रहार गरेर अन्तरिम समझदारी उल्लंघन गरेको घटनापछि इरानका प्रतिबद्धताप्रति अमेरिकाले सावधानी अपनाउने उनीहरूको भनाइ छ । इरानमाथि प्रतिबन्धको प्रभाव बढ्दै जाँदा आफ्नो वार्तास्थिति बलियो हुँदै गएको अमेरिकी अधिकारीहरूको बुझाइ छ ।

इरानको पछिल्लो प्रस्तावले जुनमा भएको समझदारीका केही विषय समेटे पनि कार्यान्वयनको गति फरक रहेको बताइएको छ । अराघचीले अमेरिकाले योजना स्वीकार गरेपछि सात दिनको समयसीमा सुरु हुने बताएका थिए ।

दुवै पक्ष अहिले आर्थिक दबाबमा छन् । हर्मुजमा जहाजमाथि आक्रमणका कारण तेलको मूल्य बढिरहेको छ भने इरान अमेरिकी नौसैनिक नाकाबन्दी र तेल बिक्रीमा असर पार्ने प्रतिबन्धबाट दबाबमा परेको छ । यसबीच क्षेत्रीय देशहरूले क्षेप्यास्त्र र ड्रोन आक्रमणको सामना गरिरहेका छन् ।

इरानको पछिल्लो प्रस्तावमा लेबनानसहित सबै मोर्चामा लडाइँ अन्त्य गर्ने विषय पनि समेटिएको छ । यमनमा इरान समर्थित हुथी विद्रोहीहरू बाब अल-मन्देब जलघाँटीको दक्षिणी प्रवेशद्वारमा सक्रिय रहेकाले विश्वव्यापी ऊर्जा बजारमा थप दबाब परेको बताइएको छ । इरानले हुथीहरूको आफ्नै माग रहेको र उनीहरूको साउदी अरेबियासँगको द्वन्द्व अमेरिका-इरान युद्धभन्दा अलग रहेको बताउँदै आएको छ । साथै, हुथी र साउदी पक्षबीच समझदारी गराउन सहयोग गर्न आफूहरू तयार रहेको इरानी अधिकारीहरूले बताएका छन् । *रासस/एपी*

# युएनएचसिआरमा आर्थिक संकट, ८३ लाख विस्थापित प्रभावित हुने जोखिम

**जेनेभा–** संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी निकाय (युएनएचसिआर) ले पर्याप्त बजेट अभावका कारण विश्वभरका करिब ८३ लाख शरणार्थी तथा अन्य जबर्जस्ती विस्थापित व्यक्ति अत्यावश्यक सहायता र संरक्षण सेवाबाट वञ्चित हुन सक्ने चेतावनी दिएको छ । युएनएचसिआरका अनुसार निरन्तर बढिरहेको आर्थिक संकटका कारण शरणार्थी, आन्तरिक रूपमा विस्थापित व्यक्ति (आइडिपी) र राज्यविहीन मानिसलाई उपलब्ध गराइँदै आएको संरक्षण तथा सहायता प्रणाली कमजोर बन्दै गएको छ ।

संस्थाले यस वर्ष शरणार्थी तथा विस्थापितको संरक्षणका लागि ८.५ अर्ब अमेरिकी डलर आवश्यक पर्ने अनुमान गरेको छ । तर, जुलाईको अन्त्यसम्म २.७ अर्ब डलर अर्थात् आवश्यक रकमको ३२ प्रतिशतमात्र प्राप्त भएको छ ।

युएनएचसिआरका अनुसार सन् २०२४ मा संस्थासँग उपलब्ध बजेट ५.२ अर्ब डलर रहेकोमा सन् २०२५ मा घटेर ३.९ अर्ब डलर मा सीमित भएको थियो । युएनएचसिआरकी बाह्य सम्बन्ध प्रमुख डोमिनिक हाइडले संरक्षण सेवामा निरन्तर कटौती गर्न नसकिने बताउँदै बजेट निश्चित सीमाभन्दा तल झरेमा सेवा कम मानिससम्म पुग्नेमात्र नभई सम्पूर्ण संरक्षण प्रणाली नै प्रभावित हुन सक्ने चेतावनी दिएकी छन् ।

बजेट अभावको असर विभिन्न देशमा देखिन थालेको युएनएचसिआरले जनाएको छ । चाडमा तीन लाख १९ हजार शरणार्थीको दर्ता प्रक्रियामा ढिलाइ भएको छ भने करिब दुई लाख ३३ हजार बालबालिका बाल संरक्षण सेवाबाट वञ्चित हुने जोखिममा छन् । त्यस्तै, इथियोपियाका केही क्षेत्रमा बाल संरक्षण सेवाको पहुँच ८५ प्रतिशतसम्म घटेको छ । सुडानमा यौन हिंसाबाट बचेका हजारौं व्यक्ति तथा जोखिममा रहेका बालबालिकाले आवश्यक संरक्षण सेवा गुमाउन सक्ने चेतावनी दिइएको छ ।

युएनएचसिआरका अनुसार सन् २०२५ को अन्त्यसम्म विश्वभर ११ करोड ७८ लाख मानिस जबर्जस्ती विस्थापित भएका थिए । यो संख्या सन् २०२४ को १२ करोड ३२ लाख को तुलनामा घटे पनि ऐतिहासिकरूपमा उच्चस्तरमै रहेको छ । बजेट संकटका कारण युएनएचसिआरले सन् २०२५ मा करिब पाँच हजार कर्मचारीको पद कटौती गरेको थियो, जुन संस्थाको कुल जनशक्तिको एक चौथाइभन्दा बढी हो ।

संस्थाका अनुसार इराकमा तीन लाख ५० हजारसम्म शरणार्थी तथा शरण खोजिरहेका व्यक्ति आर्थिक समावेशीकरणका अवसरबाट वञ्चित हुन सक्ने अवस्थामा छन् । यस्तै, सिरियामा एक लाख ६२ हजार ५०० कमजोर अवस्थामा रहेका आन्तरिक रूपमा विस्थापित तथा स्वदेश फर्किएका व्यक्तिले तत्काल आर्थिक सहायता नपाउने जोखिम रहेको छ । युएनएचसिआरले अमेरिका लगायत प्रमुख दातृ राष्ट्रबाट प्राप्त हुने वैदेशिक सहायता घट्दै जाँदा विश्वव्यापी शरणार्थी तथा मानवीय सहायता प्रणालीमा थप दबाब परेको जनाएको छ । *रासस/एएफपी*

# रूसी आक्रमणमा किएभको विज्ञान प्रतिष्ठानमा क्षति

**किएभ–** युक्रेनको राजधानी किएभमा मंगलबार भएको रुसी ड्रोन तथा क्षेप्यास्त्र आक्रमणमा राष्ट्रिय विज्ञान प्रतिष्ठानको भवनमा क्षति पुगेको छ । आक्रमणमा प्रतिष्ठानमा कार्यरत एक व्यक्तिको मृत्यु भएको छ भने पूर्व राष्ट्रिय सुरक्षा तथा रक्षा परिषद्का सचिव भोलोदिमिर गोर्बुलिन घाइते भएका छन् ।

गोर्बुलिनले आफू आक्रमणका बेला प्रतिष्ठानमै रहेको र सामान्यरूपमा घाइते भएको बताए । उनका एक सहयोगीको भने मृत्यु भएको उनले बताए । सामाजिक सञ्जालमा सार्वजनिक भिडियोमा ड्रोन प्रतिष्ठानको भवनमा ठोक्किएपछि विस्फोट भएको र भवनमा आगलागी तथा धुवाँ फैलिएको देखिएको थियो ।



युक्रेनी अधिकारीहरूका अनुसार रुसी आक्रमणमा सांस्कृतिक स्थल, सरकारी भवन र विद्यालयसमेत प्रभावित भएका छन् । राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले किएभमा स्वास्थ्य संस्थामासमेत क्षति पुगेको बताएका छन् । डिनिप्रोमा भएको आक्रमणमा चार जनाको मृत्यु र कम्तीमा १९ जना घाइते भएका छन् भने जापोरिज्जियामा ३० जना सर्वसाधारण घाइते भएका छन् ।

प्रधानमन्त्री सेर्गी कोरेत्स्कीका अनुसार जाइटोमिरमा आइसक्रिम कारखाना तथा सुमी, रिभ्ने र ओडेसाका आवासीय भवनमासमेत क्षति पुगेको छ । सोमबार रुसी जेटचालित ड्रोनले पोल्याण्डको सीमासमिपको युक्रेनी गाउँमा आक्रमण गरी सीमा चौकीमा क्षति पुर्‍याएको अधिकारीहरूले बताएका छन् ।

युक्रेनले पछिल्लो समय तीव्र गतिमा उड्ने र रोक्न कठिन मानिएका नयाँ जेटचालित ड्रोन प्रयोग भइरहेको जनाएको छ । राष्ट्रपति जेलेन्स्कीले प्याट्रियट क्षेप्यास्त्र प्रणालीसहित सैन्य सहयोग बढाउन पश्चिमी सहयोगी राष्ट्रसँग आग्रह गरेका छन् ।

यसैबीच, जाडो नजिकिँदै गर्दा युक्रेनमा ऊर्जा आपूर्तिको समस्या बढ्न सक्ने चिन्ता व्यक्त गरिएको छ । गत वर्ष रुसी आक्रमणबाट ऊर्जा पूर्वाधारमा क्षति पुगेपछि अत्यधिक चिसोका बेला विद्युत् र ताप आपूर्तिमा समस्या भएको थियो । प्रधानमन्त्री कोरेत्स्कीले आवश्यक परे जाडोअघि किएभका बासिन्दालाई सुरक्षित स्थानमा सार्नुपर्ने अवस्थालाई 'चरम कदम' बताउँदै विशेषगरी कमजोर अवस्थाका मानिसका लागि वैकल्पिक बसोबासको व्यवस्था गर्नुपर्ने बताएका छन् । *रासस/एएफपी*

**युएइमा रोजगार** — कम्पनी : SOUTHERN FOOD & CATERING SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348612 | चलानी नं.६०२६१७८७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packers | 4 | 0 | 1000 | ४१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sales Officer | 4 | 0 | 1500 | ६२,७३० | | | | | | | |
| 3 | stevedores | 11 | 0 | 1500 | ६२,७३० | | | | | | | |
| 4 | Stock Filler | 15 | 0 | 1500 | ६२,७३० | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २१ गते (7th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 980-4369070
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

**युएइमा रोजगार** — कम्पनी : BRIDGE MANPOWEER

पूर्व स्वीकृति मिति : २०८३/०६/१२ | LT. No. 348607 | चलानी नं. ६०२६१७७१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 43 | 0 | 1000 | ४१,८२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज २१ गते (7th OCt. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४
Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९०५०० | प्रति तोला – ० | प्रति तोला – ४३९५ |



**सखाप केराबारी** | गत असोज ८ गतेदेखि परेको वर्षा र आएको हावाहुरीले घोराही उपमहानगरपालिका-१२, रतनपुरमा होमबहादुर केसीले लगाएको केरा खेतीमा पुऱ्याएको क्षति । चार बिघा क्षेत्रफलमा केरा खेती गर्दै आउनुभएका केसीको बारीमा धेरै जसो केराका बोट नष्ट भएका छन् । *तस्बिरः सुशीला ओली/रासस*

## यातायात कार्यालय कर्णालीबाट ३५ करोडभन्दा बढी राजस्व संकलन

■ **प्रभाव संवाददाता**

**सुर्खेत–** कर्णाली प्रदेशका यातायात कार्यालयहरूले आर्थिक वर्ष २०८२/०८३ मा ३५ करोड बढी राजस्व संकलन गरेका छन् ।

कर्णाली प्रदेश भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयअन्तर्गतका यातायात कार्यालयबाट संकलित राजस्वको विवरणअनुसार सुर्खेत, जुम्ला र रुकुम पश्चिमबाट गरी कुल ३५ करोड ८ लाख ४३ हजार ५९० रूपैयाँ राजस्व संकलन भएको हो ।

जिल्लागत रूपमा सबैभन्दा बढी राजस्व सुर्खेतबाट २९ करोड ५६ लाख ९ हजार ४१० रूपैयाँ राजस्व संकलन भएको भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयका सचिव अर्जुनकुमार बमले जानकारी दिए । उनका अनुसार जुम्लाबाट १ करोड ९४ लाख ४२ हजार ५४० रूपैयाँ र रुकुम पश्चिमबाट ३ करोड ५७ लाख ९१ हजार ६५० राजस्व संकलन भएको छ । राजस्व संकलनको मुख्य आधार सवारी साधन कर रहेको छ ।

कुल राजस्वमध्ये सवारी साधन करको योगदान ८७.४६ प्रतिशत रहेको छ । त्यस्तैगरी चालक अनुमतिपत्र, सवारी दर्ता तथा नवीकरण दस्तुरबाट १०.९४ प्रतिशत, प्रशासनिक दण्ड, जरिवाना तथा जफतबाट १.४८ प्रतिशत र अन्य प्रशासनिक सेवा शुल्कबाट ०.२१ प्रतिशत राजस्व संकलन भएको सचिव बमले जानकारी दिए। मन्त्रालयका अनुसार यातायात क्षेत्रबाट संकलित राजस्वमा सुर्खेत जिल्लाको योगदान सबैभन्दा बढी रहेको छ । यातायात कार्यालयबाट प्राप्त राजस्वको प्रमुख आधार सवारी साधन करसँगै चालक अनुमतिपत्र, सवारी दर्ता तथा नवीकरण दस्तुर रहेको छ ।

मन्त्रालयले यातायात क्षेत्रको सेवा प्रवाहलाई थप व्यवस्थित, सहज र प्रभावकारी बनाउँदै राजस्व संकलन तथा प्रशासनिक व्यवस्थापनलाई थप व्यवस्थित गर्ने जनाएको छ ।

## गहनामा लाग्ने सीप प्रवर्द्धन शुल्क व्यवस्थित गर्न कार्यविधि

■ **प्रभाव संवाददाता**

**काठमाडौं –** आन्तरिक राजस्व विभागले सुनचाँदीका गरगहना र वस्तुको बिक्रीमा लाग्ने सीप प्रवर्द्धन शुल्कको प्रशासनलाई सरल, व्यवस्थित र प्रभावकारी बनाउन 'सीप प्रवर्द्धन शुल्कसम्बन्धी कार्यविधि, २०८३' जारी गरेको छ ।

आर्थिक ऐन, २०८३ को दफा १४ मा नेपालमा उपभोक्तालाई सुन, चाँदी तथा तिनका गरगहना र वस्तु बिक्री गर्दा बिक्री मूल्यमा सीप प्रवर्द्धन शुल्क लगाई असुल गर्ने व्यवस्था राखिएको थियो । सोही व्यवस्थाअनुसार विभागले शुल्कको प्रशासन, असुली, दाखिला, कारोबारको लेखांकन, विवरण पेस, परीक्षण तथा पुनरावेदनसम्बन्धी व्यवस्था समेटेर कार्यविधि जारी गरेको विभागका सूचना अधिकारी केशव रघुवंशीले जानकारी दिए ।

कार्यविधिअनुसार नेपालमा उपभोगका लागि बिक्री हुने सुन वा सुनका गरगहना तथा वस्तु र चाँदी वा चाँदीका गरगहना तथा वस्तुको अन्तिम उपभोक्तालाई बिक्री गर्दाको बिक्री मूल्यमा शून्य दशमलव पाँच प्रतिशत सीप प्रवर्द्धन शुल्क लाग्नेछ । यस्तो शुल्क वस्तु बिक्री गर्दाकै समयमा असुल गर्नुपर्नेछ । कार्यविधिले बिजक जारी गर्नेदेखि कारोबारको लेखांकन र मासिक विवरण पेस गर्नेसम्मका व्यवस्था पनि गरेको छ । सीप प्रवर्द्धन शुल्क लाग्ने कारोबार गर्ने व्यवसायीले तोकिएको ढाँचामा बिजक जारी गर्नुपर्नेछ । कारोबारको लेखांकन प्रोद्‌भावी (एक्रुअल) आधारमा गर्नुपर्ने तथा प्रत्येक महिनाको कारोबार भएको वा नभएको जे भए पनि अर्को महिनाको २५ गतेभित्र सम्बन्धित राजस्व कार्यालयमा मासिक विवरण पेस गर्नुपर्नेछ ।

तोकिएको समयभित्र विवरण पेस नगरेमा लाग्ने सीप प्रवर्द्धन शुल्कको प्रतिदिन शून्य दशमलव ०५ प्रतिशत वा प्रतिविवरण रु एक हजारमध्ये जुन बढी हुन्छ, सोहीबराबरको थप शुल्क लाग्ने व्यवस्था गरिएको छ । व्यवसायीले आफ्नो पसलबाट गरगहना निर्माणका लागि कालीगढकोमा तथा कालीगढबाट व्यवसाय सञ्चालन भएको स्थानमा सुन, चाँदी तथा सुनचाँदीका गरगहना वा वस्तु ओसारपसार गर्दा सम्बन्धित कार्यालयको छाप लागेको तोकिएको ढाँचाको चलान साथमा राख्नुपर्नेछ । त्यस्तो गरगहना निर्माण गर्ने कालीगढले अनिवार्य रूपमा स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ ।

कार्यविधिले पुरानो सुन, चाँदी तथा सुनचाँदीका गरगहना खरिद गरी सोही ग्राहकलाई नयाँ गरगहना बिक्री गर्ने अवस्थालाई समेत स्पष्ट गरेको छ । ग्राहकबाट पुरानो गरगहना खरिद गरी सोही ग्राहकलाई पुरानो गरगहनाको तौल बराबरको मूल्यसम्म नयाँ गरगहना बिक्री गर्दा सीप प्रवर्द्धन शुल्क लाग्ने छैन । तर पुरानो तौलमा थप गरी नयाँ गरगहना बिक्री गरेमा थप गरिएको सुन वा चाँदीको मूल्य तथा सम्पूर्ण ज्याला-जर्तीमा सीप प्रवर्द्धन शुल्क असुल गर्नुपर्नेछ ।

सर्वसाधारणले व्यवसायीलाई सुन, चाँदी वा सुनचाँदीका गरगहना बिक्री गर्दा आफ्नो परिचय खुल्ने नागरिकता, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमतिपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र वा नेपाल सरकारबाट जारी अन्य परिचयपत्रको प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ । त्यसरी बिक्री गर्ने सुनचाँदी वा गरगहना आफूले खरिद गरेको प्रमाणसमेत पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । विदेशबाट ल्याइएको सुनचाँदी भएमा त्यसको प्रमाणसमेत देखाउनुपर्नेछ ।

कार्यविधिअनुसार प्रत्येक सुनचाँदी व्यवसायीले आफ्नो पसलमा तोकिएको ढाँचाबमोजिमको सूचना पाटीसमेत राख्नुपर्नेछ । त्यस्तै, व्यवसायीले उपभोक्ताबाट संकलन गरेको सीप प्रवर्द्धन शुल्क सम्बन्धित कार्यालयको कोड तथा राजस्व शीर्षक नम्बर ११४१३ मा अर्को महिनाको २५ गतेभित्र दाखिला गर्नुपर्नेछ । तोकिएको समयभित्र शुल्क दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था गरिएको छ ।

कारोबारको परीक्षणका क्रममा सीप प्रवर्द्धन शुल्क छली गरेको पाइएमा कर अधिकृतले शुल्क निर्धारण गर्न सक्ने व्यवस्था कार्यविधिमा छ । कुनै व्यवसायीले शुल्क असुल नगरेमा, बिक्री कारोबार खण्डीकरण गरेमा, वास्तविक कारोबारभन्दा कम कारोबार घोषणा गरी न्यून शुल्क असुल गरेमा वा अन्य कुनै माध्यमबाट शुल्क छली गरेको पाइएमा निर्धारित शुल्कमा २५ प्रतिशत अतिरिक्त शुल्क लाग्नेछ ।

## पोखरा फाइनान्स र जेनस अस्पतालबीच सम्झौता




**काठमाडौं (प्रस)–** पोखरा फाइनान्स लिमिटेडका ग्राहकले बुटवल-८, सुखानगरस्थित जेनस हस्पिटल एन्ड रिसर्च सेन्टर प्रा.लि.मा उपलब्ध विभिन्न स्वास्थ्य सेवामा २० प्रतिशत छुट पाउने भएका छन् ।

सम्झौताअनुसार पोखरा फाइनान्सका खातावालाले जेनस अस्पतालमा उपचार तथा स्वास्थ्यसम्बन्धी सेवा लिँदा पोखरा फाइनान्सको डेबिट कार्ड वा मोबाइल बैंकिङमार्फत भुक्तानी गरेमा उपलब्ध सबै सेवामा २० प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् ।

ग्राहकलाई थप सुविधा तथा लाभ उपलब्ध गराउने उद्देश्यले गरिएको उक्त सहकार्यबाट पोखरा फाइनान्सका खातावालाहरू प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास फाइनान्सले व्यक्त गरेको छ ।

पोखरा फाइनान्सले हाल ३८ वटा शाखामार्फत नगद कारोबार, आरटीजीएस, आईपीएस, कनेक्ट आईपीएस, रेमिट्यान्स, क्लियरिङ, सीआईएसलगायतका बैंकिङ सेवा प्रदान गर्दै आएको जनाएको छ ।

साथै, फाइनान्सले मोबाइल बैंकिङ, डेबिट कार्ड, क्यूआर कोडलगायतका डिजिटल बैंकिङ सुविधा पनि उपलब्ध गराउँदै आएको छ ।

## वैकल्पिक ऊर्जा केन्द्रद्वारा ऊर्जा सञ्चय प्रणाली तालिम

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपालका उद्योगमा सौर्य ऊर्जा प्रवर्द्धन र ब्याट्री सञ्चय प्रणालीलाई सुरक्षित, प्रभावकारी र दिगो बनाउने हेतुले त्यससम्बन्धी विषयमा पाँचदिने तालिम सुरु भएको छ ।

तालिममा नेपालमा सौर्य र ब्याट्री सञ्चय प्रणालीको वर्तमान अवस्था, औद्योगिक कार्बन उत्सर्जन कटौती, ऊर्जा व्यवस्थापन, ग्रिड सेवा, ब्याट्री प्रविधि, सुरक्षा मापदण्ड, साइबर सुरक्षा, वातावरणीय तथा सामाजिक सुरक्षाजस्ता महत्वपूर्ण विषयमा सहभागीलाई ज्ञान दिइने छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (एइपिसी)द्वारा सञ्चालित तालिममा ४५ जना इन्जिनियरको सहभागिता छ ।

'औद्योगिक क्षेत्रका लागि सोलार पिभी तथा ब्याट्री ऊर्जा भण्डारण प्रणालीः डिजाइन, जडान र सुरक्षा'सम्बन्धी उच्चस्तरीय उक्त तालिम प्राक्टिकल एक्सन र घामपावर नेपालको सहकार्यमा भएको हो ।

तालिममा देशभरका निजी क्षेत्र, शैक्षिक तथा अनुसन्धान संस्थान र सम्बन्धित सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि सहभागिता छ । तालिमका अवसरमा सैद्धान्तिक ज्ञानका अतिरिक्त सहभागीलाई वास्तविक औद्योगिक परिदृश्यमा आधारित समूहगत अभ्यास र क्षेत्रीय अवलोकन भ्रमणमार्फत व्यावहारिक अनुभव गराइने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले जनाएको छ ।

नेपालले स्वच्छ ऊर्जा विस्तार, सुरक्षा तथा हरित औद्योगिकीकरणलाई प्राथमिकतामा राखेको सन्दर्भमा सौर्य ऊर्जा प्रयोगका माध्यमद्वारा समग्ररूपमा उर्जाको खपत घटाउने तथा विद्युत् आपूर्ति भरपर्दो तुल्याउने केन्द्रले अपेक्षा गरेको छ ।

जलवायुजन्य विपद्‌ले ऊर्जा पूर्वाधारको जोखिमलाई रसुवा बाढीले उजागर गरेको सन्दर्भमा केन्द्रले जलविद्युत्‌मा आधारित उर्जा उत्पादन, प्रसारण तथा वितरण पूर्वाधार नदी प्रणालीसँग जोडिएकाले मनसुनजन्य घटनाको जोखिमको समेत विश्लेषण गरिनुपर्ने आवश्यकता औँल्याएको छ ।

विद्युत् आयोजना बाढी पहिरोको जोखिम रहेको अवस्थामा सौर्य ऊर्जा र ब्याट्री सञ्चय प्रणालीले स्थानीयस्तरमै ऊर्जा उत्पादन र सञ्चय गर्न सकेको खण्डमा जलवायु सहनशीलता अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुग्ने केन्द्रकी सञ्चालक समिति सदस्य अंकिता शाहले बताइन् । उनका अनुसार ऊर्जा उत्पादन र सञ्चय गर्न प्रवर्द्धन कार्यक्रमले हरित रोजगारी सिर्जना गर्न र नयाँ उद्यमशीलताका अवसर खोल्न टेवा पुऱ्याउनेछ ।

**चाडपर्व मनाऔंः सामाजिक सद्‌भाव कायम राखौं**

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्‌भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामाग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्‌भावका साथ चाडपर्व मनाऔं ।

**चाडपर्वको खुशी बाँडौं, सामाजिक सद्‌भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण:** एक्प्रेस कलर प्रेस, **कार्यालय:** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि:** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक:** कृष्ण कार्की, **सम्पादक:** विष्णु तामाङ